म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ४५ बुधबार २७ भदौ २०८० ने. सं. ११४३ गुँलागा 13 September 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरका पुडासैनीको हत्या, तामाङ पक्राउ

हेटौंडा, २६ भदौ/मकवानपुर भीमफेदी गाउँपालिका-४ घर भएका ५० वर्षीय अमरराज पुडासैनी हत्या भएको छ । पुडासैनीको हेटौंडा उपमहानगरपालिका घर भएका ७२ वर्षीय जगतबहादुर तामाङले ईँटाप्रहार गरी हत्या गरेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार पुडासैनी र तामाङ दुबैजना काठमाडौं महानगरपालिका-८ गौशाला ओरालो बनकालीस्थित मानव सेवा कल्याण आश्रममा बस्दै आएका थिए । तामाङले पुडासैनीलाई ईँटा प्रहार गरी हत्या गरेको प्रहरीले जनाएको छ । पुडासैनीलाई ईँटा प्रहार गरी हत्या गरेको भन्ने खबर हुनासाथ प्रहरीवृत्त गौशालबाट खटिएको प्रहरीले तामाङलाई सोमबार साँझ नियन्त्रणमा लिएको हो । घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

# संविधानका नेतृत्वकर्ता नेम्बाङको निधन, राजकीय सम्मानसहित अन्त्येष्टी गरिने

साझाकुरा संवाददाता

हेटौंडा, २६ भदौ/ संविधानसभा अध्यक्ष तथा नेकपा एमालेका उपाध्यक्ष सुवासचन्द्र नेम्बाङको मंगलबार राति काठमाडौंमा निधन भएको छ । ७१ वर्षीय नेम्वाङको हृदयाघातका कारण निधन भएको हो ।

संविधानसभा अध्यक्ष नेम्बाङलाई घरको बाथरुममा हृदयघातका कारण अचेत अवस्थामा परिवारले फेला पारेका थिए । उनलाई उपचारका लागि महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालमा लगिए पनि चिकित्सकहरुले मृत घोषणा गरेका थिए । नेम्वाङलाई राति १:२० बजे अस्पताल ल्याइएको थियो । अस्पतालमा पुऱ्याउँदा उनको निधन भइसकेको औपचारिक रुपमा अस्पतालले घोषणा गरेको शिक्षण अस्पतालका इमरजेन्सी विभागका प्रमुख डा.रमेश महर्जनले जानकारी दिए ।

पूर्वसभामुखसमेत रहेका नेम्बाङ बाथरुम जाने क्रममा ढलेका थिए । उनलाई परिवारका सदस्यले तत्कालै उपचारका लागि अस्पतालमा पुराएका पनि थिए । २०७३ सालमा जारी संविधानका नेतृत्वकर्ता र २०६४ तथा २०७२ सालको संविधानसभा अध्यक्ष नेम्बाङ रहेनन् । ३९ वर्षको युवा उमेरमा उनी एमालेबाट राष्ट्रियसभा सदस्य बनेका थिए । उनी २०४८ देखि २०५२ सम्म राष्ट्रियसभा सदस्य थिए । गएराति उनको निधन भएको हो । दुई दिनअघिसम्म पनि नेम्वाङ शान्तिप्रक्रियाको बाँकी काम तार्किक निष्कर्षमा पुऱ्याउन जोडबलले लागिरहका देखिन्थे ।

संसदीय सभ्यासमा परिपक्व र बुझेका नेताका रुपमा चिनिन्छन् नेम्वाङ । संसदलाई प्रभावकारी बनाउनुपर्नेमा उनको जोड थियो । संसद बुझेका नेम्वाङलाई के सत्तापक्ष के प्रतिपक्षी सबै सांसदले अभिभावकको रुपमा लिने गरेका थिए । 'संविधानसभाबाट संविधान घोषणा गर्ने कुशल नेता मात्र थिएनन् उनी । उनी संसदीय अभ्यासमा सिद्धहस्त लोकतान्त्रिक नेतासमेत थिए । संसदमा कुनै विषय जटिल बन्यो भने सबैबाट नेम्वाङको खोजी हुन्थ्यो । नेम्वाङले त्यसलाई निकास निकाल्थे ।', उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठले भने ।

२०६२/०६३ मा पुन:स्थापित संसदका सभामुख भएका थिए । विसं २०६४ र २०७० मा पनि इलामबाट चुनाव जितेर संविधानसभाको अध्यक्ष भएका थिए । संविधान जारी गर्न उनले ठूलो भूमिका निभाएका थिए । नेम्वाङ राष्ट्रियसभा सदस्य हुँदा नै उनी तत्कालीन मनमोहन अधिकारी नेतृत्वको सरकारमा कानुन, न्याय तथा संसदीय व्यवस्थामन्त्री बनेका थिए । गत चार मंसिरमा भएको चुनावमा उनी इलाम क्षेत्र नम्बर २ बाट निर्वाचित भएका थिए । नेम्वाङले सार्वजनिक सभालाई सम्बोधन गरेको अन्तिम कार्यक्रम नै धरान बन्यो ।

'एउटै धाराको पानी पिएजस्तै रह्यो सुवास नेम्बाङ र मेरो सम्बन्ध । उहाँ इलामको, म झापाको । अलग पार्टीका भए पनि हामी एउटै परिवारजस्ता थियौं । विचारहरुमात्रै होइन, दु:खसुख पनि साट्थ्यौं । सुवासजी नेकपा एमालेको मात्रै नेता हुनुहुन्थेन । दलहरुबीच साझा प्रिय नेता हुनुहुन्थ्यो । उहाँले कसैलाई पनि चिढ्याएर, घोचपेच गरेर बोलेको मैले कहिले पनि थाहा पाइन । शिष्ट, शब्य, नम्र व्यवहार गर्नुभयो । दृढताकासाथ व्यवहार देखाउनुभयो । उत्तेजना कहिले पनि देखाउनुभएन ।', नेम्बाङलाई सम्झिँदै नेपाली कांग्रेसका नेता कृष्ण सिटौलाले भनेका छन् । सिटौला मात्र नभई सबै नेताहरुले नेम्बाङको सहमति र सहकार्यको भूमिकाको खुलेर प्रंशसा गरेका छन् ।



**को हुन नेम्बाङ ?**

७१ वर्षका नेम्बाङ २००९ साल फागुन २८ गते इलाम नगरपालिका-७ सुन्तला बारीमा जन्मिएका हुन् । उनी अनेरास्ववियुबाट राजनीतिमा प्रवेश गरे । प्राध्यापन र कानुन व्यवसायसमेत अँगालेका नेम्बाङले राजनीतिलाई अघि बढाए । जो इलाम–२ बाट २०५६ देखि लगातार निर्वाचित हुँदै आएका थिए । त्यसअघि उनी राष्ट्रियसभा सदस्य निर्वाचित भएका थिए । उनी २०५१ मा कानुन, न्याय तथा संसदीय व्यवस्था राज्यमन्त्री बने । त्यसपछि सामान्य प्रशासन र स्थानीय विकासमन्त्री भए । २०५६ सालमा इलाम–२ बाट निर्वाचित भए ।

उनी २०६३ वैशाख ३० देखि माघ १ गतेसम्म सभामुख बने । त्यसपछि त्यही साल माघ ३ देखि २०६५ जेठ १४ गतेसम्म उही जिम्मेवारी सम्हाले । २०६४ को संविधानसभा निर्वाचनमा इलाम–२ बाट निर्वाचित भए । २०६५ साउन १२ देखि २०६९ जेठ १४ सम्म र २०७० फागुन ६ देखि २०७२ असोज २७ गतेसम्म संविधानसभाध्यक्ष तथा सभामुख बने । उनले २०७० को दोस्रो संविधानसभा चुनाव पनि इलाम–२ बाट जिते । २०७४ र २०७९ को निर्वाचनमा पनि उही क्षेत्रबाट जित हासिल गरे । नेकपा एमालेका उपाध्यक्ष नेम्वाङ फागुनमा भएको राष्ट्रपतिको निर्वाचनमा उम्मेदवार समेत बनेका थिए ।

बीए र बीएल पढाइ पूरा गरेका उनी राजनीतिमा प्रवेश गर्नुअघि नेपाल ल क्याम्पसमा प्राध्यापन र कानुन व्यवसाय (वरिष्ठ अधिवक्ता) मा थिए । पञ्चायतविरुद्धको आन्दोलनका क्रममा पटक-पटक सार्वजनिक सुरक्षाअन्तर्गत नजरबन्दमा परेका थिए । नेम्बाङ राजकाज मुद्दामा सात महिना जेल परे । उनी प्राध्यापक संघमा पनि सक्रिय थिए । नेम्बाङ नेपाल बार एसोसिएसनका महासचिव पनि भए । राज्यबाट उनलाई संविधानसभा पदक, राष्ट्र गौरव पदक प्रदान गरिएको थियो ।

**नेम्वाङको अन्त्येष्टिमा बिहीबार सार्वजनिक बिदा**

संविधानसभाका अध्यक्ष नेम्वाङको अन्त्येष्टिको दिन बिहीबार सार्वजनिक बिदा दिइएको छ । गृह मन्त्रालयले मंगलबार विज्ञप्ति जारी गर्दै नेम्वाङको अन्तिम संस्कार भोलि बिहीबार हुने भएकोले नेपालभरका सबै सरकारी कार्यालयहरु, विदेशस्थित नेपाली दूतावास र नियोगहरुमा सार्वजनिक बिदा हुने र कार्यालयहरुमा राष्ट्रिय झन्डा आधा झुकाउने निर्णय भएको जानकारी गराएको हो ।

मंगलबार नै बसेको मन्त्रिपरिषद् बैठकले संविधानसभाका अध्यक्ष नेम्वाङको राजकीय सम्मानका साथ अन्त्येष्टि गर्ने र अन्त्येष्टिका दिन सार्वजनिक बिदा दिने निर्णय गरेको हो । मंगलबार दिनभर एमाले पार्टी कार्यालय च्यासलमा नेम्वाङको पार्थिव शरीरमा श्रद्धाञ्जली अर्पण गरिएको छ ।

**नेम्वाङप्रति प्रतिनिधिसभामा शोक प्रस्ताव राखिने**

प्रतिनिधिसभाले संविधान सभा अध्यक्ष तथा सांसद नेम्वाङप्रति बिहीबार शोक व्यक्त गर्ने भएको छ । प्रतिनिधिसभाको बुधबारका लागि तय बैठक स्थगित गरी बिहीबार नेम्वाङप्रति शोक व्यक्त गर्न बोलाइएको छ ।

सभामुख देवराज घिमिरेको निर्देशनमा संघीय संसद् सचिवालयका महासचिव भरतराज गौतमले मंगलबार विज्ञप्ति जारी गर्दै बुधबारको बैठक स्थगितबारे सूचना जारी गरेका हुन् । 'संविधानसभा अध्यक्ष, पूर्वसभामुख एवं वर्तमान प्रतिनिधिसभा सदस्य सुवासचन्द्र नेम्वाङको असामयिक निधन भएको कारण भदौ २७ गते १ बजे बस्ने गरी तय भएको प्रतिनिधिसभाको बैठक उक्त मिति र समयमा बस्न नसक्ने भएको ।,' सूचनामा भनिएको छ, 'शोक प्रस्ताव प्रयोजनको लागि सभाको बैठक भदौ २८ गते बिहीबार दिनको ३ बजे बस्ने गरी निर्धारण गर्नुभएको छ ।'

# समृद्धिको बाटोमा नलागे व्यवस्थाविरुद्ध आन्दोलन हुनसक्छ: मन्त्री श्रेष्ठ




साझाकुरा संवाददाता

हेटौंडा, २६ भदौ/ बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले सरकार विकास र समृद्धिको बाटोमा नलागे जनताहरु वर्तमान राजनीतिक व्यवस्थाको विरुद्धमा उभिनसक्ने खतरा रहेको बताएका छन् ।

मंगलबार सिन्धुली उद्योग वाणिज्य संघको ३३ औं साधारण सभालाई सम्बोधन गर्दै प्रदेश सरकारका प्रवक्ता समेत रहेका मन्त्री श्रेष्ठले गणतन्त्रको स्थापना नेपाली इतिहासकै सबैभन्दा ठूलो उपलब्धि रहेको भन्दै सो उपलब्धिको जगमा टेकेर तीव्र आर्थिक तथा सामाजिक रुपान्तरणमा लाग्नुपर्ने बताए । मन्त्री श्रेष्ठले देशलाई समृद्ध बनाउनका लागि सबै एकताबद्ध हुनुपर्ने भएकोले यसका लागि तीनै तहको सरकार विकास र समृद्धिको बाटोमा तीव्र गतिमा लाग्नुपर्ने औंल्याए ।

मन्त्री श्रेष्ठले बागमती प्रदेश सरकार निजी क्षेत्रसँग सहकार्य गर्दै अघि बढ्न चाहेको उल्लेख गर्दै सहकार्यका लागि निजी क्षेत्रलाई अपिलसमेत गरे । मन्त्री श्रेष्ठले सिन्धुलीको समग्र विकासका लागि कृषि क्षेत्रमा विशेष लगानी गर्न जरुरी रहेको उल्लेख गरे । मरिण, कमला र चदहा नदी नियन्त्रण गरी खेतीयोग्य उर्वर जमिन उकास गर्ने, सिंचाइको व्यवस्था गर्ने र ती क्षेत्रलाई धान पकेट क्षेत्रको रुपमा विकास गरी जिल्लालाई खाद्यान्नमा आत्मनिर्भर बनाउनुपर्ने उनले बताए ।

उनले बागमती प्रदेश सरकारले कृषि पकेट क्षेत्रको अवधारणा ल्याएको जानकारी दिदैं चाँडै पकेट क्षेत्रहरु घोषणा गरी आधुनिक र व्यावसायिक कृषि उत्पादन सुरु गर्ने बताए । महाभारत क्षेत्रमा अर्गानिक तरकारी र फलफूल पकेट क्षेत्र घोषणा गरी व्यावसायिक उत्पादनमा जोड दिन तरकारी एम्बुलेन्सको अवधारणासहित बागमती प्रदेश सरकारले योजना बनाइरहेको पनि मन्त्री श्रेष्ठले सुनाए ।






साझाकुरा

## हाम्रो कुरा

# बालश्रमको उद्गमस्थल खोजौं

हेटौंडामा बालश्रम निवारणका लागि प्रदेशस्तरीय संसदीय पहल विषयक छलफल कार्यक्रममा प्रदेशभर निकृष्ट बालश्रमको तथ्यांक १ लाख भन्दा बणी भएको बिवरण सार्वजनिक भएको छ । विगतमा केन्द्रीय सरकार र राज्य पुन:संरचना पछि बनेका तीन तहकै सरकारले बालश्रम न्यूनीकरणमा गरेको खर्च बालुवामा पानी जस्तै भएको छ । बागमती प्रदेशमा बालश्रममा प्रयोग हुने बालक र बालिकाको संख्या बराबरी जस्तै छ । राष्ट्रिय बालदिवसको अवसरमा आयोजित छलफल कार्यक्रममा स्वतन्त्रता अभियानका अभियन्ताले बालश्रमनिवारण तथा बालसंरक्षण प्रणालीका लागि संसदीय पहल सम्बन्धी प्रस्तुतीकरण गरका थिए । प्रस्तुत गरिएको तथ्यांक अनुसार बागमती प्रदेशमा १४ देखि १७ वर्ष उमेर समूहका २५ हजार बालक र १३ हजार बालिका जोखिमपूर्ण श्रममा संलग्न रहेका छन् । ५ देखि १७ वर्ष उमेरसमूहका करिव १ लाख १० हजार, ५ देखि १३ वर्ष समहूका ७५ हजार र १४ देखि १७ वर्ष उमेर समूहका बालबालिका बालश्रममा संलग्न रहेका छन् । जसमध्ये ५७ हजार बालक र ५४ हजार बालिकाहरु बालश्रममा रहेको पाइएको छ । सहरी क्षेत्रमा ५४ हजार बालश्रमिक रहेका छन् भने ग्रामीण क्षेत्रमा ५६ हजार बालबालिका रहेको तथ्यांकले देखाएको छ । सहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा बालश्रम बढी देखिनु अर्को चुनौती हो ।

बालबालिकाको मनोबिज्ञान बुझ्ने क्षमता परिवारका सदस्यमा हुन नसक्दा सातोतिनो झगडामै घर छोडेर बालश्रममा आइपुगेका हुन्छन् । त्यो तथ्यांक पनि ग्रामीण क्षेत्रमै छ । विद्यालय जाने बालबालिकालाई परिवारमा बिभेद भएको अवस्थामा पनि उनीहरु सडकमा आएको बिगतका उदाहरण छन् । स्वतन्त्रता अभियानका अनुसार बालश्रम निवारण गर्ने सांसदहरुले संसद बैठक वा संसदीय समितिको बैठकलाई उपयुक्त कार्यसम्पादनका लागि प्रेरित गर्नुपर्ने अवस्था छ । आवश्यक नीतिगत मार्गदर्शन विधिको कार्यान्वयनमा भएका ढिलाइमा सांसदहरुले खबरदारी गर्नुका साथै प्रदेशलाई बालअधिकार सुनिश्चित बालमैत्री प्रदेश बनाउनका लागि श्रममा संलग्न भइ भविष्य जोखिममा परेका बालबालिकाको लागि प्रदेश सरकारलाई तीब्र गतिमा क्रियाशीलता, प्रभावकारी नीति र कार्यक्रम तथा बजेट र लगानीका लागि आवश्यक निर्देशन र सुझाव दिन जरुरी रहेको बताइएको छ । दिगो विकास लक्ष्य ८.७ का लागि नागरिकमञ्चको आयोजनामा भएको बालश्रम निवारणका लागि प्रदेशस्तरीय संसदीय पहल विषयक छुलफल कार्यक्रममा सहभागीले बालबालिकाका विषयमा कार्यक्रम माग गर्न आउनेको संख्या कम हुने गरेको तर, भौतिक पूर्वाधार विकासका लागि बजेट माग गर्ने धेरै भएको पाइएको बताइएको छ । मन्त्रालयमा बाटो चाहियो, पुल चाहियो, भवन चाहियो भन्ने माग बढी छ । भौतिक पूर्वाधार मात्रै विकास होइन ।

कानुन बनाउँदा बालश्रमलाई सम्बोधन गरेर बनाउने कुरामा ध्यान दिनु जरुरी छ । गरिवी, अशिक्षा, देखासिकीका कारणले पनि अभिभावकहरुले आफ्ना बालबालिकालाई श्रममा लैजाने गरेका छन् । राज्यले बालश्रम अन्त्यका लागि नीतिनियम कानुन बानउनुपर्ने आवाज उठेको छ । व्यक्तिको चेतनाको कमीले पनि बालश्रम बढिरहेको हो । बालश्रमको उद्गमस्थलको खोजी गरी उद्गमस्थलमै नियन्त्रण गर्ने कार्ययोजना बनाउनु जरुरी छ । ग्रामीण क्षेत्रमा बालबालिकाको बाबुआमाबीचमा दिनहुँ झगडा भयो भनेपनि बालबालिका सडकमा आउने गरेका छन् । बालबालिकाको बाबुले दोस्रो श्रीमती ल्याएको परिबारका बालबालिका पनि सडकमा आइपुग्छन् । सौतेनी ब्यवहारले बालबालिका घरमा बस्न सक्दैनन् । यस्तो बिषयमा स्थानीय सरकार वडा कार्यालयहरुले सबै परिवारमा निगरानी बढाउनु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० भदौ २८ गते बिहीबार १४ सेप्टेम्बर २०२३ । औंसी, भाद्र कृष्णपक्ष । गुँलागा ११४३ ने.सं. । सूर्योदय ५:४८, सूर्यास्त ६:९ । कुशेऔंसी/पिता सम्मान दिवस । हलो बार्ने । निशि बार्ने । मोतीराम जयन्ती । दर्शश्राद्ध ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : ऋण नाश | तुला | : न्यायिक कार्यमा सफलता |
| वृष | : खर्च वृद्धि | वृश्चिक | : कार्यगत उतारचढाव |
| मिथुन | : आफन्तबाट चिन्ता | धनु | : आर्थिक सिद्धि |
| कर्कट | : इष्ट सिद्धि | मकर | : कार्य सिद्धिमा विलम्ब |
| सिंह | : मित्रबर्गबाट धोका | कुम्भ | : परिवारमा कलह |
| कन्या | : सम्पत्ति सम्बन्धी विवाद | मीन | : यात्रामा बाधा |

# न्यायमा सन्देहको अवस्था र विश्वासका आधार



हेमन्त रावल

न्यायको स्थापित स्रोत र प्रवाहको सुनिश्चितता हुने वैधानिक स्थान भएकाले नै विवादका सबै विषयलाई प्रवेश दिने केन्द्र अदालतलाई 'न्यायलय' भन्ने गरिन्छ । जहाँ नागरिकको सहज पहुँच र सहज सेवा उपलब्धताको मान्यता र अपेक्षा हुन्छ । अन्यायलाई समन गर्ने र अन्यायीलाई दण्डित गर्ने 'न्यायदण्ड' न्यायलयको अस्त्र हो र कानुन, संविधान र स्वीकृत स्थापित सिद्धान्तहरु यसको काम गर्ने आधार हुन् ।

न्यायालयले बलिया र निर्धाहरुबीच कुनै विभेद गर्दैन । शक्तिको अहंकार र दयाको पुकारबाट प्रभावित हुँदैन । प्रतिकुल परिस्थितिमा पनि कानुनको प्रयोगमा अविचलित रहन्छ र न्यायको कलम कहिल्यै निरीह बन्दैन भन्ने नागरिकको मान्यता र विश्वास नै न्यायालय 'न्यायलय' हुनुको आधार हो ।

कानुनका अक्षरहरु आफैंले न्यायको आवाज बोल्दैनन् । न्यायालयको भवनका भित्ताहरुबाट न्यायको आवाज आफैं गुन्जिदैन । व्यक्तिको याचना र प्रतिवादमा मात्र पनि न्याय पोखिँदैन । आधुनिक प्रविधिले काममा सहजीकरण गरे पनि प्रविधिले न्यायिक मन र विवेक दिँदैन । न्यायासनमा बिराजमान उच्च नैतिकता धैर्यशील र अध्ययनशील न्यायकर्मी र न्यायधर्मीका उन्नत चेतना र विवेकमा मात्र न्यायको सार सत्य उद्बोधित हुने अवस्थाले न्यायका लागि परिस्कृत मानसिकताको युधिष्ठिर खोज्छ । न्यायको सुनिश्चितताका लागि सक्षम न्यायाधीशको नियुक्तिले मात्रै न्यायालयको उच्च ओज, गरिमा र नागरिकको विश्वाशलाई जोगाउन सक्छ ।

न्यायालयका कामहरु विवादित हुनु भनेको न्यायालयप्रतिको विश्वास विभाजित हुनु हो । विश्वास विभाजित हुनु, भरोसा उठ्नु र निष्ठामा प्रश्न उठ्नु भनेको न्यायको अस्वीकार्यता हो । अविश्वाश र विभाजनले निम्त्याउने न्यायको अस्वीकार्यताले न्यायालयको गौरब र गरिमाको धरोहर डगमगाउँछ । जुन स्वस्थ र सभ्य समाजका लागि सुखद मानिँदैन ।

प्रत्येक व्यक्ति आफैंमा एक सच्चा न्यायाधीश हो । उसको विवेकले निर्धारण गरेको ठिक-बेठिकको सीमा नै उसको आफ्नो विचरण गर्ने दायरा हो । तर ऊ त्यतिमा मात्र सीमित रहँदैन । समाज भित्रका सबै गतिविधिहरु उसका अध्ययन-विश्लेषणका विषयहरु बन्छन् र स्वतन्त्र नागरिकको हैसियतले उसले प्रश्न र टिप्पणीहरुले आफू पनि जवाफदेही बन्दै अरुबाट जवाफदेहिता खोजिरहेका हुन्छन् ।

त्यसैले चेतनाले सुसज्जित आजका नागरिक सार्वजनिक सेवा प्रवाहमा निसंकोच प्रश्न गर्ने गर्छन् र जसको चित्तबुझ्दो कानुन सम्मतको जवाफ दिनु सम्बन्धितको जवाफदेहिता हो । न्यायिक काम कारबाहीमा गरिने टीका टिप्पणीलाई टिप्पणीमै सीमित नराखी यथोचित सम्बोधन गरिनु समुचित हुने देखिन्छ ।

अदालत सामु विचाराधीन मुद्दाको कुनै पक्ष स्वयं पनि न्यायको मर्मज्ञ हुन सक्छ र न्यायाशनमा बसेको न्यायमूर्तिभन्दा बढी कानुनको जानकार र बुझाइको हुन सक्छ । तथापि, परिस्थितीले ऊ अन्यायमा परेर न्यायको लागि अदालतमा आएको अवस्था हुन सक्छ । तसर्थ उसले पनि आफ्नो कोणबाट न्यायालयको न्याय सम्पादनलाई मूल्यांकन गरिरहेको हुन्छ ।

कुनै पक्ष अनपढ नै किन नहोस्, प्रमाणमा पहुँच नभएको र तर्कयुक्त जवाफ दिन सक्ने वाक सामर्थ्य नभएको नै किन नहोस् । घटनाको यथार्थ साक्षी ऊ आफू हुनुको नाताले न्यायालयबाट गरिने मिसिलीय न्यायलाई घटनाको वास्तविकतासँग उसले पनि आफ्नो तरिकाले मूल्यांकन, विश्लेषण गरिरहेको हुन्छ ।

कलमबाज, वाकपटुता र विवादको व्यावसायिक आचरणको धुर्त व्यक्ति आफूले अरुलाई अन्याय गरेर पनि सेवाग्राहीको रुपमा अदालतमा प्रवेश गरेर न्याय खोज्ने बहानामा आफूले गरेको अन्यायलाई ढाकछोप गर्ने दाउपेचमा उसले पनि आफू अनुकुल न्यायिक कामको अर्थ अनर्थ गरिरहेको हुन सक्छ ।

आफूले गुमाउनु पर्दा अर्कोले पनि पाउन नसकोस् भन्ने परपीडक र प्रतिसोधले व्यक्ति पनि न्याय खोज्ने बहानामा अदालत प्रवेश गरेको र आफ्नो अभिष्ट पूरा गर्न हुने-नहुने अर्थ सहितका बुझाइले न्यायालयको कामलाई नियालिरहेको हुन सक्छ ।

कुनै स्वार्थ नजोडिएको, सरोकार नभएको तर सचेत नागरिकको नाताले स्वतन्त्र पर्यवेक्षण गर्दै अन्य कुनै जोसुकै नागरिकले पनि घटित घटना, निर्मित परिस्थिति र सम्पादित न्यायको आफ्नै कोणबाट व्याख्या विश्लेषण र मूल्यांकन गरिरहेको हुन्छ । वास्तविक रुपले अन्यायमा परी न्यायको खोजीमा भरोसाका साथ अदालत प्रवेश गरेको व्यक्तिले न्याय पाउँदा वा नपाउँदाको अनुभव र दृष्टिकोण पनि सार्वजनिक गरिरहेकै हुन्छ । दैनिक पत्रपत्रिका समाचार, सामाजिक सजाल , विभिन्न गोष्ठी र कार्यक्रमहरुमा व्यक्त गरिने बौद्धिक विचार, बहस र प्रतिवेदनहरुमा समावेश सामग्रीहरुले पनि न्यायालयप्रतिको दृष्टिकोण र आम धारणाहरु निर्मित भइरहेका हुन्छन् ।

जसले जुन कोणबाट जसरी मूल्यांकन अवलोकन गरे पनि न्यायालयका कामकारबाहीहरु सार्वजानिक बहसका विषय भइरहेका हुन्छन् र त्यसबाट न्यायालयप्रतिको आस्था, भरोसा र विश्वासको मापन पनि भइरहेको हुन्छ । यस्ता कार्यहरुबाट न्यायालयको प्रभावकारिता र न्यायको सन्देश निरन्तर प्रवाहित भइरहनुपर्छ ।

सूचना प्रविधिमा सहज पहुँचको उपलब्धताले पछिल्लो समय सबैतिर पार दर्शिताको राम्रो अभ्यास हुने गरेको पाइन्छ । न्यायालयका कामकारबाहीहरु पनि त्यो अवस्थाबाट अलग छैनन् । तर न्यायिक कामकारबाहीका जटिलता र संवेदनशीलताले गर्दा पारदर्शिताका सीमाहरु न्यायिक कामको प्रयोग र प्रभावमा पनि देखिने गर्छन् ।

न्याय सम्पादनमा खुलापनको सिद्धान्त र संयमताको सिद्धान्त दुवैको सन्तुलित प्रयोग व्यावहारिक मानिन्छ । खुलापनले विश्वास र संयमताले निजी विषयका गोपनीयतालाई उचित सरक्षण गर्छ । न्यायिक काममा जुन विधि अपनाए पनि सम्बन्धित पक्षको न्याय पाउने स्वतन्त्र हक र न्यायको विश्वसनीयतामा कुनै अवरोधको अवस्था आउनु बान्छनीय हुँदैन । त्यसैले कहिलेकाहीं समय अगावैका सूचनाले व्यक्तिलाई सुसूचित गर्नेभन्दा पनि संदिग्ध दण्डित हुनुपर्ने व्यक्तिले स्थान सुरक्षित गर्ने अवसरको रुपमा लाभ लिन सक्छ । त्यसैले अनुसन्धानका क्रमका गोप्य सूचनाहरुमा समय अगावैको पहुँच जोखिमपूर्ण मानिन्छ ।

त्यस्तै अदालतमा विचाराधीन मुद्दाको विषयमा संकलित प्रमाणको प्रमाणिकतालाई गौण बनाउने र प्रति प्रमाण सिर्जना गर्ने अवसरको दुरुपयोगको सम्भावनालाई पनि दृष्टिगत गरेरै विचाराराधीन विषयमा अनुकुल वा प्रतिकुल प्रभाव पार्ने अभिप्रायले छलफल गर्न कानुनमा रोक लगाइएको हुन्छ । परिणामलाई आफू अनुकुलका पूर्वानुमानमा आधारित ले, रचना, समाचार वा सार्वजानिक टिप्पणीले मुद्दामा सम्भावित गल्तीलाई रोक्नुभन्दा पनि अमुक पक्ष कसैको पक्षपोषण हुन सक्ने अवस्थालाई पनि सम्बद्ध सबैले चनाखो भएर हेर्नु पर्ने हुन्छ ।

जिम्मेवारीमा रहेको कुनै पदाधिकारी स्वयंले पनि आफ्नो कामसँग सम्बन्धित घटना प्रकृतिको परिस्थितिको गम्भीरता र सार्वजानिक प्रतिक्रियाको मापन गर्नका लागि सुनियोजित तरिकाले कुनै अपुष्ट धारणा वा मत सार्वजानिक गर्न प्रयत्न गरेर पनि मुल विषयलाई विषयान्तर गर्न खोजेको हुन सक्ने निहित उद्देश्यलाई पनि गम्भीर भएर हेरिएको हुनुपर्छ ।

जुनसुकै उद्देश्य र अभिप्रायले भए पनि न्याय सम्पादनको विषयवस्तुका सन्दर्भमा गरिने सार्वजानिक टीका-टिप्पणी, शंका उपशंका, चासो, सरोकार, सूचना र जानकारीका विषयको तहले न्यायसम्पादनको पवित्रतामा प्रतिकुल र अवान्छित अवस्था निम्तिनु हुँदैन भन्ने कुरामा विश्वस्त हुने आधार न्यायालयले तय गर्नुपर्छ ।

अपवादका मुद्दामा बाहेक सधैं खुला इजलासमा खुला बहसको कार्यशैली र कार्य अभ्यास भएका अदालतहरुमा राज्यका अरु सार्वजानिक निकायहरुभन्दा बढी नै पारदर्शिताको अभ्यास हुने गरेको पाइन्छ । कुन दिन कुन काम कसरी हुन्छ भन्ने कुरा सम्बन्धित पक्षलाई निश्चित र पर्याप्त समय अगावै लेखेरै सुचित गरिन्छ । हप्ता दिन पहिले नै मुद्दाको सुनुवाइको साप्ताहिक सूची सार्वजनिक रुपले प्रकाशित हुन्छ र तदनुरुप नै दैनिक कार्यसूची प्रकाशित हुने गर्छ ।

विश्वको जुनसुकै कुनाबाट पनि नेपालको सबै तहका अदालतका इजलासहरुको दैनिक कामकाबाहीहरु सजिलै अवलोकण गर्न सकिन्छ र भएका कामकारबाहीको वेब बेस्ड कामको संक्षिप्त जानकारी प्राप्त गर्न सकिन्छ । अदालतको कुनै पनि तहको पदाधिकारी वा न्यायाधीशले आफ्नो कामसँग सम्बन्धित हुने वा नहुने कामको आदेश लेखेर मात्रै सम्बन्धित पक्षलाई दिनुपर्छ र त्यसमा चित्त नबुझ्ने सम्बन्धित पक्षले सो आदेश उपर अदालतमै लेखेरै उपचार खोज्न सक्ने र समस्याको कानुनसम्मत निदान गर्ने कानुनत: स्थापित अभ्यासले अदालतको कामकारबाहीलाई जवाफदेहिताको कसीमा बढी जिम्मेवार बनाएको हुन्छ ।

यस किसिमको कार्य संस्कृत र कार्य अभ्यास सार्वजानिक सेवा प्रवाह गर्ने राज्यका अरु निकायबाट हुने गरेको अभ्यासमा देखिँदैन । यस किसिमको कार्य पद्धतिबाट अदालतमा कसैले पनि आफ्नो पदीय जिम्मेवारी पन्छ्याउन नमिल्ने र कामकारबाहीहरुमा समस्याहरु देखिँदा यसको निदान तोकिएको समयावधि भित्र अदालतबाटै हुने गरेका कारण अदालतका कामकारबाहीहरु कम आलोचित र विवादित हुने गरेको पाइन्छ ।

तथापि, न्याय सम्पादनका कामकार बाहीहरुको विशिष्ट प्रकृतिका कारण बेला बेलामा देखिने सहज असहज अवस्थाले कहिलेकाहीं समग्र न्यायालयप्रति नै नागरिकको नकारात्मक दृष्टिकोण बन्ने गर्छ । मुद्दामा प्रत्यक्ष संलग्न व्यक्तिले भोगेका अनुभवका आधारमा व्यक्त गरिएका प्रतिक्रियालाई अदालतले सेवा सुधारको आधार बनाउनु पर्छ । मुद्दामा आफ्नो प्रत्यक्ष स्वार्थ सरोकार नभएका तर अरुको लागि चासो रुचि राखेका व्यक्तिले अपेक्षित गरेको परिणामको अनुकुलता प्रतिकुलता व्यक्त गरेको धारणा वा दृष्टिकोणलाई अदालतले चिर्न सक्नु पर्छ ।

हारेपछिको प्रतिक्रिया, जित्न जिताउन नसकेपछिको प्रतिक्रिया, आफू अनुकुलको परिस्थिति सिर्जना गर्न गराउन नसकेपछिको प्रतिक्रिया जुनसुकै धरातलमा अडिएर गरिएका भए पनि तिनै स्वस्थ अस्वस्थ प्रतिक्रियाका आधारमा नै न्यायालयकाप्रति राम्रा या नराम्रा आम धारणा र दृष्टिकोणहरु बन्ने गर्छन् । न्यायालय सुधारका लागि ती सबै धारणाहरुको संश्लेषण, विश्लेषण गरी न्यायालयबाट ठोस आधार सहितको परिमार्जित कार्यसंस्कृति र कार्यपद्धतिको अभ्यास गरिनुपर्छ ।

न्यायालय कति आफ्नै कारणले विवादित छ । कति सम्बद्ध अरुको कारणले विवादित छ । त्यसको समीक्षा र पहिचान गर्दै जसको कारणले विवादित र समस्याग्रस्त हुनु परे पनि विवादित र समस्याग्रस्त न्यायालयले समग्र न्यायालयको समुच्च प्रभावकारितामा गम्भीर असर गर्छ भन्ने तथ्यमा विमति हुनुपर्ने अवस्था देखिँदैन ।

अदालतमा मुद्दा विचाराधीन छ तर मुद्दामा अदालतको नियन्त्रण छैन र अदालतको समयतालिका अनुरुप काम हुन सकेको छैन । न्यायमा बिलम्व छ । बिलम्व अरु बाह्य कारणले हुन गएको छ तर बिलम्वको अपजस अदालतले लिनु परेको छ । मुद्दामा हुने अदालतभन्दा बाहिरको बेथितिले अदालतको स्वच्छतामा पारेको प्रभावको विश्लेषण नगरेर समस्याहरु अदालत केन्द्रित गरिँदा पनि अदालतका कामकारबाहीमा सन्देह र हने गरेको अवस्था छ भने अदालत भित्रै कुनै समस्या नै छैनन् भन्ने अवस्था पनि छैन । न्यायमा बिलम्वको अवस्था कसैका लागि पनि प्रिय हुँदैन । न्याय महँगो छ । कहाँ हुने खर्चले न्याय खर्चिलो हुन गएको छ भन्ने कुरामा सेवाग्राही सचेत हुनै पर्छ र अदालतले पनि आफ्ना सेवाग्राहीलाई सुसूचित गर्नै पर्छ ।

जुनसुकै कारणले मुद्दामा अनुचित बिलम्व भयो वा न्यायिक प्रक्रियामा अन्य कुनै अबान्छित क्रियाकलापहरु भइइरहेका छन् भने पनि त्यसको दोष वा कारण अरुलाई देखाएर अदालत दोषमुक्त हुन भने सक्दैन । किनकि मुद्दा र समग्र न्यायिक प्रक्रियामा अदालतको आफ्नो नियन्त्रण हुनै पर्छ । मुद्दामा नियन्त्रण गुमाउने र पक्षको दाउपेचलाई चिर्न नसक्ने अदालतले आलोचित हुनुपर्ने यथार्थलाई नकार्न सकिँदैन । न्याय सम्पादनसँग सम्बन्धित सबै समस्या र कारणहरुको पहिचान गरेर त्यसको निदान गर्ने दायित्व पनि अन्तत: अदालतको आफ्नै भएको हुँदा त्यसको व्यवस्थापन पनि सोही परिप्रेक्षमा गरिनु पर्छ ।

मुद्दा दर्तादेखि फैसला भई कार्यान्वयन हुँदासम्म अदालत भित्र लाग्ने एउटा मुद्दामा कानुन बमोजिम लाग्ने खर्च कति हो ? सो को खर्च विधि के हो ? सो बाहेकको अन्य अतिरिक्त खर्च कसले गर्छ, किन गर्छ ? त्यसमा न्याय सम्पादनका अवयवका रुपमा रहेका न्यायकर्मीहरु र न्यायिक जनशक्तिहरु जोडिएका छन्, बेचिएका छन् र दुरुपयोग गरिएका छन् भने त्यस्तो अवस्थाको अन्त्यका लागि अदालतको आन्तरिक संयन्त्रले प्रभावकारी र परिणामदायी कदम उठाउनु पर्छ र सामयिक रुपले अदालतका सेवा र लाग्ने शुल्कहरुको सम्बन्धमा सेवाग्राहीलाई सुसूचित गर्ने कार्यलाई निरन्तरता दिँदा केही हदसम्म अनुचित गतिविधि र सम्भावित दुरुपयोगको अवस्थाले फस्टाउने अवसर पाउँदैन ।

मुद्दा हारेपछि न्याय परेन भनेर गरिने अनर्गल दुस्प्रचार र मुद्दा जितेपछि मैले जिताइदिएँ भनेर गर्ने बीचका वर्गको भ्रामक प्रचार दुवै अवस्थाले न्यायालयको साख गिराइरहेका हुन्छन् । अदालतले पनि छिटोछरितो न्याय सम्पादन नगर्ने, गरे पनि ढंगले नगने अनि उद्देश्य र औचित्य समाप्त भएपछि न्याय होइन फैसला मात्र गर्ने गर्दा पनि नागरिकले अदालतलाई जुन हदसम्मको अफठ्यारोको भरोसा ठान्नु पर्ने हो सो महसुस गर्न नसकेको अवस्थालाई पनि अदालतले आत्मसमीक्षा गर्नु जरुरी देखिन्छ ।

जुनसुकै तरहले भए पनि अदालतको नाममा गरिने अवान्छित गतिविधिलाई अदालतले निस्तेज पार्दै अदालतको विश्वसनीयता बढाउन र मर्यादा कायम गर्न न्याय सम्पादनको प्रभावकारिता बढाउनै पर्छ । अदालतका समग्र काम कारबाही सम्बन्धी गुनासोहरुको सुनुवाइको लागि आन्तरिक चुस्त व्यवस्थापन गर्न सके न्यायालयप्रति न्यायालय भित्रैबाट र नागरिकको तहबाट देखिने निरासालाई भरोसामा बदल्न सकिनेछ ।

न्यायालयका कामकारबाहीहरु हमेसा कानुनमा आधारित विवादरहित र विश्वासप्रद हुनु पर्छ । नागरिकले शंका गर्ने सम्भावित छिद्रहरुलाई चिर्दै र भत्काउँदै न्याय सम्पादनको प्रभावकारी परिणामले नागरिकहरुमा कानुन र न्याय व्यवस्थाप्रति भरोसा जगाउनुपर्छ ।

न्यायालय न्यायका लागि अन्तिम आश्रयस्थल हो भन्ने तथ्य अन्यायमा परेको एउटा नागरिकले न्यायालयबाट प्राप्त गरेको सहज र निष्पक्ष न्यायको अनुभूतिले महसुस हुने विषय हो । न्यायालय कमजोर हुँदा समाजमा अन्यायको बोलबाला बढने अवस्था रहन्छ । शक्तिमा हुनेहरु अराजक बन्न सक्छन् । अपराधले प्रश्रय पाउन सक्छ । अपराधको राजनीतिकरण र राजनीतिमा उन्मुक्तिको अभ्यासले दण्डहीनतालाई मलजल गर्छ । निर्धा र निमुखाहरु अपराधीको शरणमा जानु पर्ने बाध्यता रहन्छ र राज्यका वैध निकायहरु निरर्थक र निकम्मा साबित हुने अवस्था आउँदै जान्छ ।

कानुनको सार्थकता र औचित्य स्थापित गर्दै सामाजिक सौहार्दता र समृद्धिका आधारहरु तय गर्न पनि न्यायालयको सबल उपस्थिति आवश्यक हुन्छ । न्यायालयको सबलताले न्यायकर्मीहरुको स्वेच्छाचारिताको प्रवर्द्धन र संरक्षण गर्ने नभई आम नागरिकको संविधान/कानुन प्रदत्त हक-अधिकारको संरक्षण र जीवन स्वतन्त्रताको सुरक्षाको प्रत्याभूतिको लागि हुनुपर्छ । यो सबलतालाई थप बल दिने ऊर्जाको काम निष्पक्ष र निर्भीक क्षमताका न्यायकर्मीहरु र न्यायका साधकहरुबाट सम्पादित हुने न्यायपूर्ण कामको परिणामले मात्र दिने गर्छ ।

न्यायको आलोकमा बाँचिरहेको अनुभूति गरेको एउटा नागरिकले सगौरव भन्न सकोस् कि म व्यक्तिबाट होइन विधिबाट शासित छु । म अरु कसैसँग डराउँदिन, सिर्फ कानुनसँग डराउँछु र न्यायलाई उच्च सम्मान गर्छु । स्वतन्त्र र सक्षम न्यायालय भएको मुलुकमा नागरिकहरुले अन्यायको महसुस कहिल्यै गर्नु पर्दैन । न्यायालयको स्वतन्त्रता, सक्षमता र नागरिकको उच्च भरोसा नै न्यायालयको सर्वोच्चतामा चम्किने पवित्र गजुर हो । समाजरुपी ऐनामा न्यायालयको अनुहार सफा देखिनु पर्छ । यसका लागि न्यायिक निष्ठा भएका, न्यायमा समर्पित निष्पक्ष र निर्भीक न्यायाधीशहरुको दरकार पर्छ, जसको व्यवस्थापनमा संविधानत: स्थापित सम्बन्धित निकाय र राज्यले गम्भीर र पर्याप्त ध्यान दिनै पर्छ ।

*(साभार: नेपाल लाइभ)*

# व्यापार कुटनीतिका लागि सम्झौता कार्यान्वयन गर्नुपर्छ

रविशंकर सैंजु

म व्यापार कूटनीतिको बारेमा मात्र कुरा गर्छु । म नेदल्याण्डमा पढ्दा मेरो एक जना सुपरभाइजर (पर्यवेक्षक) ह्याङ थोमस थिए । उनी यो क्षेत्रको विज्ञ पनि हुन् । उनले आजभन्दा २५ वर्ष अगाडि भन्थे, 'चाइना इज फ्लाइङ गुड, इन्डिया इन सिलिपिङ टाइगर' ।

उनले चीन उडिसक्यो दोहोरो अंकमा गइसकेको छ । भारत भनेको सुतिरहेको चितुवा हो । भारत उठेर दौडिएपछि कसैले पछ्याउन सक्दैन भन्थे । त्यस कारण हामी नेपालजस्तो देशले के गर्छौं त भन्दा तिमीहरूले यी दुई देशभन्दा अगाडि जान सकेनौं भने पछाडि पर्छौ भन्थे । वास्तवमा हाम्रो अवस्था यही नै हो ।

हामी ठूलोठूलो कुरा गर्छौं । चीनसँगको अहिलेको हिसाब हेर्ने हो भने व्यापार लागत मैले युएन स्क्याप र विश्व बैंकले गरेको एउटा अध्ययनमा ११ देखि १८ सम्मको डेटालाई हेर्दा चीन र नेपालबीचको व्यापार लागत अहिले झण्डै २११ प्रतिशत छ । नेपाल र भारतको ९५ प्रतिशत हो । अहिलेको अवस्थामा बंग्लादेश २७० प्रतिशत छ । यसलाई नघटाई हामी व्यापारमा सफल हुन्छौं, व्यापार लागत घट्ला भनेर हामीले नसोच्दा पनि हुन्छ । अहिले गर्नु पर्ने कुरा नै यही हो ।

चीन वास्तवमा अहिलेको अवस्थामा विश्वको सबभन्दा ठुलो उदियमान उपभोक्ता बजार हो । भारत पनि त्यो बजारलाई आफ्नो बनाएर माथि बढ्ने सोचमा छ । हामी त्यसलाई हेरेर अगाडि बढ्नुपर्छ । म वाणिज्यमा हुँदा कुरा गर्न चाइनाबाट धेरै साथीहरू आउँथे । यस्ता भेटमा तिब्बतकै कुरा गर्दा उनीहरूको जनसंख्या थोरै छ । तर त्यहाँ कुनै सामान लानु पऱ्यो भने उसले अरु प्रदेशबाट लानुभन्दा नेपालबाट सस्तो पर्छ । तर, हामीले त्यो पाटोमा कहिल्यै ध्यानै दिन सकेका छैनौं । भारतका पनि अहिले चार वटा राज्यलाई मात्रै ध्यान दिए पुग्छ भन्छु म ।

अहिले २०२२ या ०२३ मा चीन र भारतसँग हाम्रो जम्मा व्यापारको १३ प्रतिशत ट्रेड चाइनासँग छ । त्यो १४ प्रतिशतमा २ प्रतिशत मात्रै रसुवागढीबाट क्यारी गरिरहेका छौं । ११ प्रतिशत हाम्रो सामान अहिले पनि भारत हुँदै आइरहेको छ । अर्को यदि ग्वान्जाओबाट नेपाल आउने हो भने १२ देखि १५ दिनभित्र काठमाडौं त्यो सामान आइपुग्छ । त्यही सामान विशाखापटनम बन्दरगाह मगाइरहेका छौं । त्यहाँबाट सामान आइपुग्न ४२ दिन लाग्छ । समयको मूल्यलाई हेर्नुपऱ्यो ।

अहिले वास्तवमा प्रधानमन्त्रीको भ्रमणमा भनिरहेको छ । यो कुरालाई पनि हेर्नुपऱ्यो । चीनसँग सम्झौता हामीले गर्यौं । तीन वटामा हस्ताक्षर भयो । त्यसको प्रोट्रोकलको वार्ता भएको थियो । त्यो वार्ता नेपालको तर्फबाट प्राविधिक रुपमा मैले नै नेतृत्व गरेको हुँ । त्यो वार्ता हामीले देशलाई नर्थ इस्ट देशलाई पनि हेर्न सक्छौं भनेर गरिएको हो । तर त्यो कार्यान्वयन हुन अहिले पनि सकेको छैन । त्यसैले हामी सक्रिय हुनुपऱ्यो । चीनलाई त के छ र उसको कति प्रतिशत व्यापार छ हामीसँग ? सन्धिमा नेपालको पूर्वाधार विकास भइसकेपछि हामी चीनले पाउने पहुँचको बारेमा छुट्टै वार्ता गर्छौं भन्ने छ । त्यो किन राखियो भने यो ट्रेड सन्धि गर्ने बेलामै चीनको ब्याकअप प्लानमा के थियो भने यसले हामीसँग सुरुमा तीन वटै वार्तामा वीरगन्जसम्म र काँकडभिट्टासम्म पहुँच देऊ भनेर मागेकै हो । उसले किन खोजेको थियो त ? काँकडभिट्टाबाट बंग्लादेश जान र उनीहरू त्यो देशसँग हामी छुट्टै वार्ता गर्छौं भन्थे । *(साभार: खबरहब)*

विद्युत् विधेयक २०८० :

# जलविद्युत् आयोजनाको अनुमति अवधि अब ४५ वर्ष, ५ वर्षभित्र प्राधिकरण टुक्र्याइने


काठमाडौं/जलविद्युत् आयोजनाको अनुमतिपत्रको अवधि बढाउने गरी नयाँ कानुनको मस्यौदा भएको छ । मन्त्रिपरिषद्‌बाट स्वीकृति भएको विद्युत् विधेयक २०८० अनुसार अब जलाशययुक्त आयोजनाको अनुमतिपत्रको अवधि ४५ वर्ष प्रस्ताव गरिएको छ । अन्य प्रकृतिका आयोजनाको अनुमति पत्र ४० वर्ष बनाउन सिफारिस गरिएको छ । यस अवधिमा काबुबाहिरको परिस्थिति सिर्जना भई आयोजनाको विकास तथा सञ्चालनमा बाधा उत्पन्न भएमा आयोजनाको लाभ, लागत, बीमा, क्षति र जोखिम समेतको मूल्यांकन गरी विद्युत् उत्पादन अनुमति पत्रको अवधि बढीमा ५ वर्षसम्म थप हुनसक्ने भएको छ । यसरी जलविद्युत् आयोजनाको अनुमतिपत्रको अवधि अधिकतम् ५० वर्षसम्म पुऱ्याउन सिफारिस गरिएको हो ।

यसअघि २०४९ सालको विद्युत् ऐनले आयोजनाको अनुमति पत्रको अवधि ५० वर्षसम्मको हुने प्रावधान राखेको थियो । तर, २०५८ सालमा आएको जलविद्युत् विकास नीति २०५८ ले विदेशमा सिधै निर्यात गर्ने आयोजनाको अवधि ३० वर्ष हुने र आन्तरिक खपतमा उत्पादन हुने आयोजनाको हकमा ३५ वर्ष अवधि हुने गरी अनुमति पत्रको आयु तोकेको थियो । अब भने ऐनमै स्पष्टसँग अनुमतिपत्रको अवधि ४५ वर्ष पुऱ्याइएको हो । यसरी तोक्दा सिधै विदेश निर्यात गर्ने आयोजनाको हकमा भने अनुमति पत्रको अवधि ५ वर्ष कम हुने गरी तोकिएको छ ।

विधेयकअनुसार आयोजनाबाट सिधै विद्युत् विदेशी बजारमा निर्यात गर्ने गरी प्रस्ताव गरिएको आयोजनाको हकमा ४० वर्ष र अन्य प्रकृतिको विदेश निर्यात गर्ने आयोजनाको अनुमति पत्रको अवधि ३५ वर्ष हुने गरी तोकिएको छ । निजी क्षेत्रका लगानीकर्ताले लामो समयदेखि विद्युत् आयोजनाहरुको अनुमति पत्रको अवधि बढाउन माग गर्दै आएका थिए । त्यसलाई नयाँ विधेयकले सम्बोधन गरेको छ ।

विधेयकले विगतमा '५० वर्ष सम्म' मात्र शब्द राखी' सरकारलाई ऐच्छिक छाडिदिएका कारण सरकारले नीतिमार्फत अनुमति पत्रको अवधि घटाएको थियो । नीति मन्त्रिपरिषद्‌बाट पास गरी कार्यान्वयनमा आउँछ । ऐन भने संसदबाट पास गर्नुपर्छ ।

विधेयक अनुसार जलस्रोतबाहेक अन्य स्रोतबाट विद्युत् उत्पादन गर्न २५ वर्षको अवधि तोकिएको छ । ग्राहक सेवाको अनुमति पत्रको अवधि भने ५ वर्ष तोकिएको छ । विद्युत् ऐनमा यस्तो अवधि तोकिएको थिएन ।




### नयाँ आयोजनाको हकमा मात्र लागू हुने

विधेयक अनुसार यो प्रावधान नयाँ अनुमति पत्र लिने आयोजनाको हकमा मात्र लागु हुने भएको छ । यसअघि अवधि तोकी जारी भएका अनुमति पत्रको हकमा सोही अवधि लागु हुने विधेयकमा उल्लेख छ ।

विद्युत् व्यापार तथा ग्राहक सेवाको अनुमति प्राप्त गर्ने संस्थाले अनुमति पत्रको अवधि सक्नु ३० दिनअगाडि नै नवीकरण गर्न निवेदन दिनु पर्ने उल्लेख छ । ऐन प्रारम्भ हुनु अगाडि कसैले ५ वर्ष भन्दा कम अवधिको सर्वेक्षण अनुमति पाएको भए कार्य प्रगतिका आधारमा त्यस्तो सर्वेक्षणको अनुमति समेत ५ वर्षसम्म बढाउन सकिने भएको छ । तोकिएको अवधिभित्र जलविद्युत् आयोजनाको राष्ट्रियकरण नगरिने र सार्वजनिक हितका लागि गर्नुपरे क्षतिपूर्ति दिनुपर्ने समेत प्रावधान राखिएको छ ।

### तल्लो सरकारको अधिकार क्षेत्र तोकियो

विधेयकले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको विद्युत् सम्बन्धी अधिकार क्षेत्रसमेत तोकेको छ । अब पाँच मेगावाटसम्म जडित क्षमताको विद्युत् आयोजना सम्बन्धित स्थानीय तहले विकास तथा सञ्चालन गर्न सक्ने भएका छन् । प्रदेश स्तरका विद्युत् आयोजना (२५ मेगावाट सम्म)भने प्रदेश सरकारले अधिकार पाएका छन् । दुई वा सो भन्दा बढी स्थानीय तहको सिमानामा पर्ने ५ मेगावाटसम्म जडित क्षमताको विद्युत् आयोजनाको अधिकार समेत प्रदेश सरकारलाई दिइएको छ ।

ठूला विद्युत् आयोजना (२५ मेगावाट भन्दा बढी)को हकमा नेपाल सरकार र दुई वा सो भन्दा बढी प्रदेशको सिमानामा पर्ने विद्युत् आयोजनाको अधिकार समेत नेपाल सरकारले लिने भएको छ । विधेयकले प्रदेश र संघीय सरकारलाई क्षमतामा भने छुट दिएको छ ।

प्रदेश सरकार वा स्थानीय तहको अनुरोधमा सबै क्षमताको विद्युत् आयोजनाको विकास र सञ्चालन नेपाल सरकारले गर्न सक्ने अधिकार समेत संघीय सरकारलाई दिइएको छ । विद्युतीकरणमा समेत तीन वटै तहका सरकारले सहकार्य र समन्वय गर्नुपर्ने भएको छ । नेपाल सरकारले प्रदेश र स्थानीय सरकारलाई प्राविधिक सहयोग गर्नुपर्ने गरी तोकिएको छ ।

### खोलामात्र ओगट्ने आयोजनाको लाइसेन्स खारेज हुने

यो विधेयक कार्यान्वयनमा आउने समयभित्र विद्युत् उत्पादन अनुमति पत्रका लागि निवेदन दिएका तर निवेदनका साथमा पेश गर्नुपर्ने आयोजनाको अध्ययन प्रतिवेदन, वातावरणीय अध्ययन प्रतिवेदन, आयोजना सञ्चालन विधि, वित्तीय व्यवस्थापन सम्बन्धी कागजातको विवरण पेश गर्न नसकेका आयोजनको सर्वेक्षण अनुमति खारेज हुने भएको छ । त्यसपछि प्रतिस्पर्धाका आधारमा आयोजना अगाडि बढाइने समेत विधेयकमा उल्लेख छ ।

नेपाल सरकार वा सरकारको ५१ प्रतिशतभन्दा बढी स्वामित्व भएको निकायले बनाउने आयोजनाको हकमा भने प्रतिस्पर्धा नहुने विधेयकको प्रावधान छ । तीन तहका सरकारले निर्माण गर्ने आयोजनाको हकमा समेत प्रतिस्पर्धा हुने छैन ।

### ५ वर्षभित्र प्राधिकरण टुक्र्याइने

विद्युत् विधेयक २०८० अनुसार अहिले एउटै संस्थाबाट विद्युत् उत्पादन, प्रसारण तथा वितरण समेत भइरहेको भए ऐन कार्यान्वयनमा आएको ५ वर्ष भित्र अलग अलग संस्थाबाट यो काम गर्नुपर्छ ।

अर्थात् अहिले यो काम नेपाल सरकारको हकमा नेपाल विद्युत् प्राधिकरणबाट हुँदै आइरहेको छ । अब ५ वर्षभित्र प्राधिकरण टुक्राएर उत्पादन, प्रसारण र वितरण अलग अलग निकायबाट गर्नुपर्ने प्रावधान विधेयकमा समेटिएको हो । यो विधेयकमा प्रस्तावित व्यवस्थाहरुलाई संसदले परिमार्जनसमेत गर्न सक्नेछ । संसदमा यसबारे छलफल भएर पारित भएपछि यो कानुन बन्नेछ । यसअघिको संसदमा समेत विधेयक पेश भए पनि पारित हुन नसकेपछि सरकारले पुन: पारित गरेको हो ।

### श्रमिकको हित रक्षाबारे प्रधानमन्त्री कार्यालयमा चार दर्जन निर्णय

काठमाडौं । सरकारले श्रम गन्तव्य मुलुकहरुमा रहेका नेपाली दूतावास र नियोगहरुमा तत्काल श्रम मामिला हेर्ने कर्मचारीको दरबन्दी थप्ने निष्कर्ष निकालेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले श्रम आप्रवासन सम्बन्धी समस्या र त्यसको समाधानका केन्द्रित भएर विदेशस्थित नेपाली दूतावास तथा कूटनीतिक नियोगका प्रमुखहरूसँग आयोजना गरेको छलफलले विभिन्न विभिन्न ४५ बुँदे निष्कर्ष निकालेको छ । सो सम्बन्धी विभिन्न निष्कर्षसहितको निर्णयलाई नीतिगत रुपमा सम्बोधन गर्दै कार्यान्वयनमा लैजाने प्रधानमन्त्री दाहालको योजना छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय स्रोतका अनुसार वैदेशिक रोजगारीमा गएका श्रमिकको हित रक्षाका लागि विभिन्न निकायले गर्नुपर्ने कामहरु पहिचान गरिएको हो । बैठकले श्रम गन्तब्य मुलुकहरुमा 'रोमिङ कूटनीतिक मिसन' र 'ड्राइ पोस्टिङ' तयार गरेर खटाउनुपर्ने निष्कर्ष पनि निकालेको छ ।

श्रमिकसम्बद्ध समस्या बढी देखिएका स्थानमा विशेष मिसन बनाएर कूटनीतिक टोली खटाउनुपर्ने निष्कर्षमा सरकार पुगेको छ । दूतावासहरुले सेवा दिन नसकेर श्रमिकहरू धेरै समस्यमा परेका ठाउँमा घुम्ती मिसन र परिवारविनै कूटनीतिक कर्मचारी जाने 'ड्राइ पोस्टिङ' को व्यवस्था गर्ने निष्कर्षमा सरकार पुगेको छ । 'कतिपय ठाउँमा दूतावासले सेवा दिन नसकिरहेको अवस्थामा वैकल्पिक माध्यमबाट सम्बोधनको नीति बन्ने भएको छ,' बैठकमा सहभागी एक अधिकारीले भने ।

बैठकले श्रम गन्तब्यमा दूतावासहरुमा काम गर्न स्थानीय कर्मचारी खटाउने व्यवस्थाका लागि वैदेशिक रोजगार बोर्डले आवश्यक खर्च र जनशक्ति व्यवस्थापन मिलाउने निर्णय पनि गरेको छ । दूतावासहरुमा जनशक्तिको चुस्त व्यवस्थापन गरेर मागपत्रको प्रमाणीकरणलाई एकीकृत अनलाइन प्रणालीमा लैजाने निर्णय पनि बैठकले गरेको छ ।

घरेलु कामदार पठाउने काम वर्षौंदेखि रोकिएको अवस्थामा अब संसदीय समितिसँगको सहमतिमा सुरक्षाको सुनिश्चिततासहित कुनै देशमा 'पाइलट'का खुलाउने निष्कर्षमा सरकार पुगेको छ ।

लामो समयदेखि वैधानिक रुपमा विदेशमा घरेलु कामदार जान रोकिँदा अवैध रुपमा जाने क्रम बढेको रत्यसले झन् चुनौती थपेको निष्कर्षसहित यस्तो निर्णय गरेको श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय स्रोतले बतायो । 'पाइलट' सफल भए अन्य देशमा पनि घरेलु श्रमिक जान दिने सरकारी तयारी छ ।

बैठकले दूतावासहरुले गर्ने आम्दानीको निश्चित प्रतिशत 'रिभल्भिङ फन्ड' (आकस्मिक कोष) स्थापना गर्न दिने निर्णय पनि बैठकले गरेको छ । अहिले दूतावासहरुसँग बजेट नहुँदा राहत तथा उद्दारका काम गर्न समस्या भएको निष्कर्षसहित यस्तो निर्णय भएको हो ।

बैठकले परराष्ट्र मन्त्रालयमा श्रम मन्त्रालय र दूतावासहरुको प्रतिनिधिसहितको श्रम आप्रवासन महाशाखा स्थापना गर्ने निष्कर्ष पनि निकालेको छ । 'त्यस्तो महाशाखाले समन्वयको काम दरिलोसँग गर्न सक्ने र श्रमिकलाई परेको समस्या छिटो फुकाउन पहल लिनसक्ने विश्वास लिइएको छ,' श्रम मन्त्रालय स्रोतले भन्यो,'विस्तृतमा के-के निर्णय भयो भन्ने विषय बुधबार पत्रकार सम्मेलनमार्फत सार्वजनिक गर्ने तयारी छ ।'

सोमबारदेखि नै प्रधानमन्त्री कार्यालयमा श्रम गन्तव्यलाई सुरक्षित बनाउने र मानव तस्करी रोक्ने विषयमा श्रम गन्तव्य देशका राजदूत र नियोग प्रमुखहरुसँगको छलफल सुरु भएको थियो । सिंहदरबारमा बसेको बैठकलाई मंगलबार प्रधानमन्त्री प्रचण्डले सम्बोधन गर्दै श्रम गन्तब्यमा रहेका श्रमिकको हितलाई प्राथमिकतामा राखेर काम गर्न निर्देशन दिएका थिए ।

(स्रोत: अनलाइनखबर)

# श्रमिकको हित रक्षाबारे प्रधानमन्त्री कार्यालयमा चार दर्जन निर्णय

काठमाडौं/सरकारले श्रम गन्तव्य मुलुकहरुमा रहेका नेपाली दूतावास र नियोगहरुमा तत्काल श्रम मामिला हेर्ने कर्मचारीको दरबन्दी थप्ने निष्कर्ष निकालेको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले श्रम आप्रवासन सम्बन्धी समस्या र त्यसको समाधानका केन्द्रित भएर विदेशस्थित नेपाली दूतावास तथा कूटनीतिक नियोगका प्रमुखहरूसँग आयोजना गरेको छलफलले विभिन्न विभिन्न ४५ बुँदे निष्कर्ष निकालेको छ । सो सम्बन्धी विभिन्न निष्कर्ष सहितको निर्णयलाई नीतिगत रुपमा सम्बोधन गर्दै कार्यान्वयनमा लैजाने प्रधानमन्त्री दाहालको योजना छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय स्रोतका अनुसार वैदेशिक रोजगारीमा गएका श्रमिकको हित रक्षाका लागि विभिन्न निकायले गर्नुपर्ने कामहरु पहिचान गरिएको हो । बैठकले श्रम गन्तब्य मुलुकहरुमा 'रोमिङ कूटनीतिक मिसन' र 'ड्राइ पोस्टिङ' तयार गरेर खटाउनुपर्ने निष्कर्ष पनि निकालेको छ ।

श्रमिकसम्बद्ध समस्या बढी देखिएका स्थानमा विशेष मिसन बनाएर कूटनीतिक टोली खटाउनुपर्ने निष्कर्षमा सरकार पुगेको छ । दूतावासहरुले सेवा दिन नसकेर श्रमिकहरू धेरै समस्यमा परेका ठाउँमा घुम्ती मिसन र परिवार विनै कूटनीतिक कर्मचारी जाने 'ड्राइ पोस्टिङ' को व्यवस्था गर्ने निष्कर्षमा सरकार पुगेको छ ।

'कतिपय ठाउँमा दूतावासले सेवा दिन नसकिरहेको अवस्थामा वैकल्पिक माध्यमबाट सम्बोधनको नीति बन्ने भएको छ,' बैठकमा सहभागी एक अधिकारीले भने । बैठकले श्रम गन्तब्यमा दूतावासहरुमा काम गर्न स्थानीय कर्मचारी खटाउने व्यवस्थाका लागि वैदेशिक रोजगार बोर्डले आवश्यक खर्च र जनशक्ति व्यवस्थापन मिलाउने निर्णय पनि गरेको छ ।

दूतावासहरुमा जनशक्तिको चुस्त व्यवस्थापन गरेर मागपत्रको प्रमाणीकरणलाई एकीकृत अनलाइन प्रणालीमा लैजाने निर्णय पनि बैठकले गरेको छ ।

घरेलु कामदार पठाउने काम वर्षौंदेखि रोकिएको अवस्थामा अब संसदीय समितिसँगको सहमतिमा सुरक्षाको सुनिश्चिततासहित कुनै देशमा 'पाइलट'का खुलाउने निष्कर्षमा सरकार पुगेको छ ।

लामो समयदेखि वैधानिक रुपमा विदेशमा घरेलु कामदार जान रोकिँदा अवैध रुपमा जाने क्रम बढेको रत्यसले झन् चुनौती थपेको निष्कर्षसहित यस्तो निर्णय गरेको श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय स्रोतले बतायो । 'पाइलट' सफल भए अन्य देशमा पनि घरेलु श्रमिक जान दिने सरकारी तयारी छ ।

बैठकले दूतावासहरुले गर्ने आम्दानीको निश्चित प्रतिशत 'रिभल्भिङ फन्ड' (आकस्मिक कोष) स्थापना गर्न दिने निर्णय पनि बैठकले गरेको छ । अहिले दूतावासहरुसँग बजेट नहुँदा राहत तथा उद्दारका काम गर्न समस्या भएको निष्कर्षसहित यस्तो निर्णय भएको हो ।

बैठकले परराष्ट्र मन्त्रालयमा श्रम मन्त्रालय र दूतावासहरुको प्रतिनिधिसहितको श्रम आप्रवासन महाशाखा स्थापना गर्ने निष्कर्ष पनि निकालेको छ ।

(स्रोत:अनलाइनखबर)

# निजी स्कुलको नाफासहित गुठीमा रुपान्तरण ऐच्छिक मात्र

काठमाडौं/स्कुल सञ्चालकहरुको विरोधपछि सरकार निजी विद्यालयलाई ५ वर्षभित्र नाफारहित गुठीमा परिणत गर्ने निर्णयबाट पछि हटेको छ ।

निजी विद्यालयहरु कम्पनीमै रहने कि गुठीमा जाने भन्ने ऐच्छिक मात्र हुने गरी संघीय शिक्षा विधेयक तयार भएको छ ।

मन्त्रिपरिषद्‌ले पारित गरेर संसदमा दर्ता गर्न लागिएको विधेयकमा हाल कम्पनी ऐन अनुसार सञ्चालित विद्यालयहरुलाई ५ वर्षभित्र गुठीमा रुपान्तरण गर्ने व्यवस्था राखिएको छैन । जबकी १६ साउनमा मन्त्रिपरिषदले नै पास गरेको विधेयकमा हाल कम्पनी ऐन अनुसार सञ्चालित विद्यालयहरुलाई दायित्व फरफारक गरी ५ वर्षभित्र गुठीमा रुपान्तरण गर्नुपर्ने व्यवस्था राखिएको थियो ।

त्यसको विरोधमा निजी शैक्षिक संस्थाहरुले विद्यालय बन्द गर्ने लगायतका आन्दोलन घोषणा गरेका थिए । त्यसपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मन्त्रिपरिषद्‌ले पास गरेको विधेयकमा हेरफेर भएको भन्दै संसदमा दर्ता गर्न रोकेका थिए । निजी स्कुल सञ्चालकहरुलाई माग सम्बोधन गर्ने भन्दै आन्दोलन स्थगित गर्न लगाए । अहिले गुठीमा जाने कि कम्पनीमै रहने भन्ने ऐच्छिक मात्र हुने गरी विधेयक पास भएको छ । मन्त्रालयका प्रवक्ता दीपक शर्मा भन्छन्, 'भोलि बुधबार संसदमा दर्ता हुन्छ ।'

प्रस्तावित विधेययकमा निजी विद्यालय सञ्चालन सम्बन्धी व्यवस्था पुरानै कायम रहेको प्रवक्ता शर्माले बताए । उनले भने 'गुठीमा जान चाहने जान्छन्, नचाहने कम्पनीमा रहन पाउँछन् । अब नयाँ खुल्ने विद्यालय चाहिँ गुठीमा सञ्चालन हुनुपर्नेछ ।' लामो समय निजी स्कुलहरु सार्वजनिक सरह जिल्ला शिक्षा कार्यालयमा दर्ता हुने गरेका थिए । २०५८ मा शिक्षा ऐनमा भएको सातौं संशोधनले निजी विद्यालयलाई कम्पनी ऐन वा शैक्षिक गुठीमा जानुपर्ने व्यवस्था गऱ्यो ।

अपवादबाहेक सबै स्कुल कम्पनी ऐन अनुसार दर्ता भए । पछिल्लो पटक २०७५ मा बनेको उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगले ७ वर्षभित्र गुठीमा लैजान सिफारिस गरेको थियो । प्याब्सनका अध्यक्ष डीके ढुंगानाले सरकारसँगको छलफलमा पुरानै व्यवस्था कायम र‌ख्नुपर्ने सम्झौता गरेर आन्दोलन स्थगित गरेको बताए ।

# 'एक भागवत र एक गीता'को मैथिली गीत रिलिज

काठमाडौं/यही शुक्रबार अर्थात् भदौ २९ गतेबाट प्रदर्शन हुन लागेको झरना थापाद्वारा निर्देशित फिल्म 'एक भागवत र एक गीता' (सामाजिक कथा)को मैथिली भाषाको गीत सार्वजनिक गरिएको छ । मंगलबार काठमाडौंमा एक कार्यक्रमबीच सार्वजनिक गरिएको 'झिँझिँया' बोलको लोक भावको गीतमा नेहा प्रियदर्शनी र प्रवेश मलिकको युगल स्वर रहेको छ भने गायक मलिकले नै संगीत दिएका छन् ।

यो मैथिली समुदायको परम्परागत गीत हो । यसले मैथिली संस्कृति र जीवन बोल्छ । मैथिली समुदायमा दुर्गा पूजाको अवसरमा यो गीतमा नृत्य गर्ने प्रचलन छ । त्यही गीतलाई नयाँ शैलीमा तयार गरेर फिल्ममा समावेश गरिएको छ । जानकी मन्दिरको परिसरमा छायांकन गरिएको गीतमा अभिनेत्री सुहाना थापा नृत्य गर्दै प्रस्तुत छिन् भने विपिन कार्कीलाई 'ट्रान्सजेन्डर' लुक्समा देख्न सकिन्छ ।




फिल्ममा सुहाना र विपिनसँगै धीरज मगर, जेभिस श्रेष्ठ, जेभिन श्रेष्ठ, संजोग रसाइली, मुकेश झा, राम कैलाश ठाकुर, धीरज ठाकुर, सुरेन्द्र राय, गंगाकान्त झालगायतको पनि अभिनय रहेको छ । फिल्मको कन्सेप्ट सुहाना थापा र कथा झरना थापाको हो । फिल्ममा झरनासँगै सरिन पोखरेल, परिक्षेद सेन, पुरुषोत्तम ढंगेल र कृष्णको पटकथा तथा परिक्षेद, पुरुषोत्तम र सरिनको संवाद लेखन छ ।

राजेश श्रेष्ठको छायांकन, मित्र डि गुरुङको सम्पादन र हिमाल केसीको द्वन्द्व निर्देशन रहेको फिल्मको निर्मातामा सुहाना थापा छिन् । विपिनको भूमिका र लुक्सका कारण यो फिल्म चर्चाको केन्द्रमा छ । उनले पहिलो पटक 'ट्रान्सजेन्डर'को भूमिका निर्वाह गरेका हुन् । यो फिल्म चल्ने मुख्य आधारलाई नै उनलाई मानिएको छ । र, दर्शकमा पनि उनको भूमिकालाई लिएर कौतुहलता देखिन्छ ।

# 'मायावी'बाट डेब्यू गर्दै समिम खान

काठमाडौं/नेपाली फिलममा मुश्लिम समुदायको उपस्थिति औंलामा गन्न सकिने संख्यामा मात्र छ । आसिफ शाह, नाजिर हुसेन, ओशिमा बानु, हसनराजा खान आदिले मुस्लिम समुदायबाट प्रतिनिधित्व गर्छन् । तर, जुन संख्यामा नेपाली फिलममा अरु समुदायको उपस्थिति छ, त्यसअनुरुप मुस्लिम समुदायको छैन । यसैक्रममा, फिलम 'मायावी'बाट अर्का एक मुश्लिम अभिनेताको उदय हुने भएको छ ।




'क्याप्टेन' फेम्ड निर्देशक दीवाकर भट्टराईको निर्देशनमा बन्न लागेको फिलमबाट समिम खानले अभिनेताको रुपमा डेब्यू गर्न लागेका हुन् । 'म्यान हन्ट इन्टरनेशनल नेपाल २०१६'को विजेता रहेका उनीसँग म्यूजिक भिडियोमा अभिनय गरेको अनुभव छ । सन् २०१९ मा 'जी म्यूजिक कम्पनी'बाट समिम अभिनीत 'कुछ तो हुवा है' बोलको हिन्दी गीतको म्यूजिक भिडियो सार्वजनिक भएको थियो ।

दीवाकरभन्दा अगाडि नै समिममाथि केही मेकरको नजर परिसकेको छ । उनी स्वयंले गत जुलाईमा 'पञ्चेबाजा' निर्देशक घनश्याम लामिछाने र लेखक प्रदीप भारद्वाजसँग एक फिल्मको विषयमा छलफल भएकोजानकारी फेसबुकमार्फत् गराएका छन् । स्रोतका अनुसार, 'मायावी'पछि निर्देशक लामिछानेको नयाँ फिल्ममा समिमले काम गर्नेछन् । उनलाई अन्य केही फिल्मको पनि अफर छ । समिमको प्रवेशसँगै फिल्ममा प्रमुख कलाकारको लाइनअप पूरा भएको छ । फिल्ममा यसअघि पल शाह, दीपिका प्रसाईं र सुशील सिटौलाको प्रवेश भैसकेको छ । फिल्ममा निर्देशक भट्टराई स्वयंको कथा रहनेछ । आगामी असोज २ गतेबाट तालनगरी पोखरामा छायांकन सुरु हुन लागेको 'मायावी'मा एसडी योगीको संगीत, राम अविरल विष्टको गीत तथा राजुविक्रम थापाको डिओपी रहनेछ ।

# 'नाङ्गो गाउँ'लाई साम्राज्ञीको बेवास्था

काठमाडौं/अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाहको १२औं फिल्म हो, 'नाङ्गो गाउँ' । केही वर्षदेखि असफलतासँग जुधिरहेकी उनलाई यो फिल्म सफल हुनैपर्न दबाब छ । तर, फिल्म प्रदर्शनको संघारमा रहँदा समेत प्रचारमा उनको उपस्थिति न्यून छ । त्यति मात्र होइन, एक पोस्टरबाहेक ट्रेलर र गीत समेत उनले सामाजिक सञ्जालमा सेअर गरेकी छैनन् । जबकि, उनी सामाजिक सञ्जालमा सक्रिय छिन् ।

यसअघि आफ्ना हरेक फिल्मको प्रचारमा उनको उपस्थिति सशक्त देखिन्थ्यो । उनका समाजिक सञ्जाल फिल्मको प्रचार सामाग्रीले भरिन्थे । तर, 'नाङ्गो गाउँ'को हकमा त्यस्तो देखिएको छ । उनले इन्स्टाग्राम स्टोरीमा दिनहुँ परिवार र साथीभाईसँग रमाइलो गरेका तस्वीर तथा भिडियो राखिरहेकी हुन्छिन् । तर, फिलमबारे सामाजिक सञ्जालमा एउटा पोस्ट गर्न समेत उनमा रुचि देखिएको छैन ।

केही दिनअघिको एक भेटमा निर्देशक तथा लेखक दीपेन्द्र लामाले साम्राज्ञी व्यस्त भएकाले प्रचारमा हिँड्न नभ्याएको बताएका थिए । तर, साम्राज्ञीको इन्स्टाग्राम स्टोरी हेर्दा त्यस्तो देखिन्न । उनले जानबुझ नै फिल्मलाई बेवास्था गरेको देखिन्छ । आफ्नो फिल्मप्रति उनको यसखालको मौनता पहिलोचोटी देखिएको हो । कतै साम्राज्ञीको निर्माण टिमप्रति चित्तदुखाई त होइन ? प्रश्न उब्जिएको छ ।



फिल्मको पोस्टरदेखि ट्रेलरसम्म दयाहाङ राई र मिरुना मगर हाबी छन् । र, प्रचारमा पनि उनीहरु नै प्राथमिकतामा छन् । जबकि, यसअधिका फिल्मका प्रचार सामाग्रीमा साम्राज्ञी हाबी हुने गरेकी थिइन् । यसपटक दयाहाङ र मिरुनाले उनलाई छायाँमा पारेका छन् । फिल्म रिलिजपछि पनि यही स्थिति नहोला भन्न सकिन्न । यसैले उनलाई यो फिल्मप्रति चासो र चिन्ता नै नभएको पो हो कि ?

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# हेटौंडामा तालिम केन्द्रको लक्ष्यभन्दा बढीले सिके सीप

सरला खनाल

हेटौंडा, २६ भदौ/ हेटौंडास्थित प्रदेश सरकारअन्तर्गत्को व्यावसायिक तथा सीप विकास तालिम केन्द्रले वार्षिक लक्ष्यभन्दा बढीलाई सीप सिकाएको छ ।

हरेक सरकारी कार्यालयले वार्षिक लक्ष्य र प्रगतिको लेखाजोखा गर्ने गर्दछन् । लेखाजोखा गर्ने क्रममै सीप विकास तालिम केन्द्र हेटौंडाले ९ सय ९५ जनालाई एक वर्षभित्र सीप सिकाएर दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य लिएको थियो । तर, केन्द्रले गत आर्थिक वर्ष २०७९/८० को असारमसान्तभित्रको प्रगति विवरणअनुसार १ हजार ११ जना दक्ष जनशक्तिका रुपमा उत्पादन गरेको पाइएको छ । मुलुकभित्र दक्ष जनशक्तिको अभाव भइरहेको अवस्थामा सीप विकास तालिम केन्द्रले सीप सिकाएर जनशक्ति उत्पादन गरिरहेको केन्द्र प्रमुख देवराज चौलागाई बताउँछन् ।

चौलागाईले आफ्नो कार्यकालभित्र लक्ष्य भन्दा बढीलाई सीप सिकाउन सफल भएका हुन् । कतिपय सरकारी कार्यालयले आफ्नो लक्ष्यसमेत भेट्न नसकेको अवस्थामा सीप विकास केन्द्रले सबैभन्दा धेरै वैदेशिक एवम् युवा स्वरोजगारमुलक तालिमबाट ३ सय जनालाई सीप सिकाउने लक्ष्य लिइको थियो । १५ दिनदेखि ३ महिनासम्म हुने उद्यमशीलता/रोजगारीमूलक/सशक्तिकरण/सीप विकास तथा क्षमता अभिवृद्धि तालिम ३ सय १० जनालाई प्रदान गरिएको प्रमुख चौलागाईले जानकारी दिए । ३ सय १० जनाले बोमौसमी तरकारी खेती, कृषिजन्यपदार्थ प्रशोधन, सुरक्षा गार्ड, कफी मेकर, कुक, नर्सरी व्यवस्थापन र केश श्रृंगार तथा सौन्दर्यको सीप सिकेका थिए ।








केन्द्रले गत आवमा ६ महिने (७३० कार्यघण्टा) नियमित तालिमहरु जनरल मेकानिक्स, कम्प्युटर सफ्टवेयर र आवासीय महिला सीप विकासबाट क्रमश: २०, ६० र ३६ जनालाई सीप सिकाएको छ । ३९० कार्यघण्टाको ३ महिने नियमित तालिमअन्तर्गत् केन्द्रले केशश्रृंगार तथा सौन्दर्यबाट ७९ जना, इलेक्ट्रोनिक्स मर्मतबाट ३० जना, सिलाई कटाईबाट ५३ जना, प्लम्बिङबाट ३६ जना, बेतबाँस हस्तकलाबाट ४० जना विद्युत जडानबाट ४० जना, केश श्रृंगार तथा सौन्दर्य अभिवृद्धिमा ३१ जना, सिलाई कटाई अभिवृद्धिमा २६ जनालाई सीप सिकाइएको केन्द्र प्रमुख चौलागाईले बताए ।

यसैगरी, केन्द्रले ३९० कार्यघण्टाको गलैंचा बुनाई र हाकु पटासीको परम्परागत सीप अभिवृद्धि तालिम (उद्यमशीलता/रोजगारी मूलक/सशक्तिकरण/सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) ३० जनालाई दिने लक्ष्य लिइएकोमा ३४ जनालाई प्रदान गरिएको छ । २० जना महिलालाई ढाका बुनाई तालिम, वैदेशिक रोजगारीबाट फर्किएका २ जनासँग क्षमता अभिवृद्धि बारे छलफल, ६२ जना अपाङ्गता भएका महिला श्रमिक, लैंगिक हिंसापीडित, विपन्न दलित, सीमान्तकृत, एकल महिलाका लागि सीप विकास तथा क्षमता अभिवृद्धि तालिमतर्फ केन्द्रले १० दिने कफी मेकर र क्रिष्टलको सामान बनाउने सीप सिकाएको चौलागाईं बताउँछन् ।

५१ जना लैंगिक तथा यौनिक अल्पसंख्यकहरुको लागि अचार बनाउने सीपमूलक तालिम, तालिम प्राप्त प्रशिक्षार्थीहरुबाट १ जनासँग रोजगार, स्वरोगगार वैदेशिक रोजगार र उद्यमशीलता विकाससम्बन्धी पोष्ट रिभ्यू गरिएको केन्द्रले जनाएको छ । ५० जना अल्पसंख्यक, सीमान्तकृत र अतिविपन्न समुदायको लागि बारिष्टा (कफी मेकर) तालिम दिनुका साथै ३० जना जनयुद्धका शहिद परिवारको लागि कुक र बेकरीतर्फ सीप विकास तालिम प्रदान गरिएको केन्द्रका प्रमुख चौलागाईले जानकारी दिएका छन् । केन्द्रको वार्षिक लक्ष्यअनुसार नियमित तालिम प्राप्त प्रशिक्षार्थीहरुको सीप परीक्षण २ जनाको गर्नुपर्नेमा सीप परीक्षण भने नभएको तथ्यांकमा उल्लेख छ ।

यसैगरी, वार्षिक लक्ष्यको तुलनामा केन्द्रले भौतिक प्रगति १ सय १ प्रतिशत रहेको जनाएको छ । केन्द्रका लागि गत आव ०७९/८० मा ५ करोड ७८ लाख ९१ हजार रुपैयाँ बजेट बिनियोजन भएकोमा चालूतर्फ मात्रै ५ करोड ५६ लाख ९१ हजार रुपैयाँ बजेट छुट्याइएको थियो ।

चालू खर्च ५ करोड ३ लाख ४५ हजार रहेको प्रमुख चौलागाईले जानकारी दिए । केन्द्रमा पुँजीगततर्फ २२ लाख बजेट बिनियोजन भएकोमा २१ लाख ६५ हजार ६ सय ८४ रुपैयाँ खर्च भएको प्रगति विवरणमा उल्लेख छ । केन्द्रले गत आवमा चालू र पुँजीगततर्फ गरेर कूल ९० दशमलव ७ प्रतिशत खर्च गर्न सफल भएको हो ।

यसैगरी, केन्द्रले चालू आव २०८०/८१ मा व्यवसायिक तथा सीप विकास तालिम निर्देशिका निर्माण गर्नुपर्ने र तालिम पाठ्यक्रमहरु अपडेट गर्नुपर्ने बारे प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयलाई अनुरोध गरेको छ ।

व्यवसायिक सीपमूलक तालिम सञ्चालन गर्नेबारे छुट्टै ऐन, नियम नभएको र हाल २०६९ सालमा निर्माण गरिएको तालिम सञ्चालन निर्देशिकाबाटै काम गरि रहेकाले नयाँ निर्देशिका बनाउनुपर्ने आवश्यकता रहेको केन्द्रप्रमुख चौलागाई बताउँछन् । उनले सीप सिक्न चाहनेको संख्या अधिक रहेको र सोही अनुसार केन्द्रको श्रोतसाधान, भौतिक पूर्वाधार र क्षमता वृद्धि हुन नसकेको बताए ।

तालिमको दोहोरोपनाले पनि समस्या बनाइरहेको उनको भनाई छ । प्रमुख चौलागाईले देशको श्रमबजारमा विषयगत प्राविधिक जनशक्ति के-कति आवश्यकता पर्छ त्यसको आवधिक रुपमा प्रक्षेपण हुन नसक्नु, आर्थिक रुपमा विपन्नलाई तालिमपश्चात स्वरोजगार व्यवसाय/साना उद्यम सञ्चालन गर्न थप सहयोगको व्यवस्था नहुनु वर्तमान समस्याको रुपमा देखापरेको बताए । उनले केन्द्रमा तालिमको व्यवस्थापन, अनुगमन र निरीक्षण कार्यका लागि चार पाङ्ग्रे सवारीसाधन आवश्यक रहेको औंल्याए । तालिमकेन्द्रको मकवानपुर, चितवन, सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रे, भक्तपुर र ललितपुर कार्यक्षेत्र रहेका छन् ।

# मकवानपुरगढीमा एकीकृत कृषि फार्मसहितको तालिम केन्द्र शिलान्यास



साझाकुरा संवाददाता

हेटौंडा, २६ भदौ/माइती नेपालले निर्माण र संचालन गर्ने एकीकृत कृषि फार्म तथा तालिम केन्द्र भवनको मंगलबार मकवानपुर गढी गाउँपालिका-५ सानोसुकौरामा शिलान्यास गरिएको छ ।

माइती नेपालले द कोकाकोला फाउण्डेशनसँगको सहकार्यमा निर्माण गर्न लागेको कृषि फार्म तथा तालिम भवनको बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले शिलान्यास गरेका हुन् । शिलान्यासका क्रममा मुख्यमन्त्री जम्कट्टेलले एकीकृत कृषि परियोजना धेरै महत्वपूर्ण रहेको भन्दै मानव बेचबिखन रोकथाम र महिलाअधिकार प्रबर्द्धनसँगै ग्रामीण, कृषि र आर्थिक विकासमा सहयोग पुऱ्याउँने भएकाले प्रदेश सरकारले सहयोग गर्ने बताए । बागमती प्रदेश सरकारले विगतमा भन्दा फरक ढंगले काम गरिरहेको उल्लेख गर्दै उनले सरकारको लगानीबाट लक्षित वर्ग र समुदायमा उपलब्धी पुग्ने गरी प्रदेश सरकारले काम गरिरहेको बताए ।

बागमती प्रदेशकी सामाजिक बिकास मन्त्री कुमारी मोक्तानले कृषि तथा पशुपालन सम्बन्धी तालिमसँगै महिलालाई आयआर्जनमा जोड्ने योजना धेरै राम्रो रहेको भन्दै आवश्यक सक्दो सहयोग गर्ने बताइन् । नेपाली काँग्रेस बागमती प्रदेश सभापति एवं प्रदेश सांसद ईन्द्रबहादुर बानियाँले जीवनसँग संघर्ष गरिरहेका दिदीबहिनीलाई सीपसँग जोडेर काम गर्ने राम्रो उदेश्यले एकीकृत कृषि फार्म तथा तालिम केन्द्रलाई जग्गा माग गर्नु भएकाले जग्गा उपलब्ध गराइदिएको बताए । माइती नेपालकी संस्थापक अध्यक्ष अनुराधा कोईरालाले एकीकृत कृषि फार्म तथा तालिम केन्द्रले एकीकृत खेती, कृषि तालिम र कृषि पर्यटनको संयोजन गरेर महिलाहरुलाई आर्थिकरुपमा सशक्तिकरण गर्ने बताईन् । 'पहिले तालिम पछि मेसिन (सिलाई) दिएर पठाउँथे, अब उहाँहरुलाई गाई, भैंसी, बाख्रा दिएर पठाउँछौं,' उनले भनिन्, 'तालिम लिएपछि दिदीबहिनीहरुले दुध कहाँ लाने भनेर चिन्तै लिनु पर्दैन, हाम्ले नै किन्छौ र दुध किनेर बटर, चिज ईत्यादी बनाउँछौं ।'

१८/१९ बर्ष पहिलेदेखि महिलालाई बैदेशिक रोजगारको विरोध गरिरहेको भन्दै उनले अहिले बैदेशिक रोजगार टाउको दु:खाई भईरहेको जिकिर गरिन् । कृषि फार्म तथा तालिम केन्द्र संचालनबाट चेलिबेटी बेचबिखन र बैदेशिक रोजगारीको रोकथाम हुने दाबी गर्दै बागमती प्रदेशकी पूर्वप्रदेशप्रमुख समेत रहेकी कोईरालाले बैदेशिक रोजगारीमा ऐस, आराम नहुने भन्दै बैदेशिक रोजगारको नाममा चरम ठगी, शोषण र अत्याचार भईरहेकाले सचेत रहन युवकयुवतीहरुलाई आग्रह गरिन् ।

कार्यक्रममा माइती नेपालकी कार्यकारी निर्देशक विश्वराम खड्काले मानवबेचविखन एउटा जटिल सामाजिक समस्याको रुपमा आएको र आर्थिक समस्या, गरिबी र महिला माथिको विभेद प्रमुख कारण देखिएकाले माइती नेपालले महिलाहरुलाई प्रविधीसहितको एकीकृत कृषि फार्म तथा तालिम केन्द्र संचालन गरिने बताए । मानवबेचबिखनमा परेका र पर्नसक्ने सम्भावित समुदाय, क्षेत्रका जोखीम उन्मुखलाई तालिम दिई समाजमा पुनर्स्थापना गर्नका लागि एकीकृत कृषि तथा पशुपालन तालिम केन्द्र स्थापनाको तयारी गरिएको माइती नेपालले जनाएको छ ।

माइती नेपालकी संस्थापक अध्यक्ष अनुराधा कोइरालाको अध्यक्षतामा भएको शिलान्यास कार्यक्रममा बागमती प्रदेशकी सांसद कञ्चनचन्द्र बादे, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, नेपाली काँग्रेसका बागमती प्रदेशका महामन्त्री चन्द्र पहाडी, मकवानपुर सभापति बुद्ध लामा, नेकपा एमाले मकवानपुरका अध्यक्ष एवं प्रदेशसांसद एकालाल श्रेष्ठ, मकवानपुरका प्रमुख जिल्ला अधिकारी (सीडीओ) सूर्यप्रसाद सेढाईं, मकवानपुर प्रहरीप्रमुख सीताराम रिजाल, मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामास्याङ्तान, बागमती प्रदेश प्रहरी कार्यालय र द कोकाकोला फाउण्डेशनका प्रतिनिधि लगायतको आतिथ्यता थियो ।

६५ रोपनी जग्गामा १ करोड ९२ लाख लागतमा आवासीय सुबिधा सहितको तालिम केन्द्र, कृषि तथा पशुपालन फार्म बनाउन लागिएको हो । सुकौरा एग्रो प्रालिले माईती नेपाललाई यो जग्गा १० बर्षका लागि नि:शुल्क लिजमा उपलब्ध गराएको छ । एकीकृत कृषि फार्ममा व्यवस्थित तालिम हलसहित ग्रीन हाउस, हाइटेक नर्सरी, आधुनिक बाख्रा, कुखुरा र गाई पालन गरिने बताईएको छ ।

# बालिका मृत्यु प्रकरणमा स्वास्थमन्त्रीलाई थाहा नगर कांग्रेस समितिको ज्ञापनपत्र

साझाकुरा संवाददाता

हेटौंडा, २६ भदौ/नेपाली कांग्रेस थाहानगर समितिले कान्तिबाल अस्पतालमा थाहा नगरपालिका-१० की बालिकाको अस्पतालको लापरबाहीबाट मृत्यु भएपछि घटनाको सम्बन्धमा स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतलाई ज्ञापनपत्र बुझाएको छ ।

कांग्रेस थाहानगर समितिले बालिकाको मृत्युको घटना सम्बन्धमा छानबीन र पीडित परिवारलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्न माग गर्दै मन्त्री बस्नेतलाई ज्ञापनपत्र बुझाएको हो । थाहा नगरपालिका-१० घर भई मकवानपुरकी काठमाडौंको बाफल बस्ने पाँच वर्षीया रेजिशा गोपालीलाई उच्चज्वरो आएपछि आमा रीता गोपाली र हजुरबुवा कृष्णबहादुर गोपालीले भदौ १८ गते साँझ ५ बजे उपचारका लागि कान्ति बाल अस्पतालको आकस्मिक कक्षमा पुऱ्याएका थिए । अस्पताल पुऱ्याएपछि दुई घण्टासम्म कुर्दा पनि आकस्मिक उपचार नपाएपछि सोही दिन साँझ ७ बजे रेजिशाको मृत्यु भएको थियो ।

नेपाली कांग्रेस थाहानगर सभापति प्रमोदकृष्ण जोशीले घटनाको वास्तविकता छानबीन गरी दोषीमाथि कारबाहीको माग र पीडितका परिवारलाई क्षतिपूर्तिको माग राख्दै स्वास्थ्यमन्त्री बस्नेतसमक्ष ज्ञापनपत्र बुझाएको जानकारी दिए । कांग्रेस नगरसभापति जोशीले आकस्मिक सेवाका लागि लगेका बिरामीको पहिचान नगरी ओपिडीमा जस्तै लाइनमा नै बस्नु पर्ने प्रशासनको गैरजिम्मेवारीपूर्ण नियमका कारण बालिकाले समयमा उपचार नपाएको परिवारको गुनासो रहेको उनले बताए ।

ज्ञापनपत्र बुझ्दै मन्त्री बस्नेतले कान्ति बाल अस्पतालमा भएको बालिका मृत्यु प्रकरणमा दोषी देखिएकालाई कारबाही गर्ने प्रतिबद्धता व्यक्त गरे ।

कांग्रेस थाहानगर सभापति जोशीले भन्ने, मन्त्री बस्नेतले घटनाको छानबीन गरी दोषी चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीलाई कडा कारबाही गरिने प्रतिबद्धता व्यक्त गरेका छन् । मन्त्रालयले कान्ति बाल अस्पतालको घटनाका विषयमा छानबीन गर्न मन्त्रालयका सचिव डा. रोशन पोखरेललाई मन्त्री बस्नेतले निर्देशन दिएसँगै छानबीन समितिसमेत बनाएको छ ।

ज्ञापनपत्र बुझाउन कांग्रेस नगरसभापति जोशीको नेतृत्वमा भरत लामा, रामकृष्ण गमाल, विक्रम गोपाली, कुलचन्द्र अर्याल, श्रीकृष्ण केसीलगायत कांग्रेस नेता तथा कार्यकर्ताहरु मन्त्रालय पुगेको थियो ।

## जिल्ला प्रहरी कार्यालयमा थुप्रिएको लागुऔषध नष्ट

साझाकुरा संवाददाता

हेटौंडा, २६ भदौ/जिल्ला प्रहरी कार्यालय मकवानपुरले बिभिन्न मितिमा बरामद गरेको लागुऔषध राप्ती खोलामा जलाएर नष्ट गरेको छ । मंगलबार दिउँसो हेटौंडा उपमहानगर पालिका-१० स्थित राप्तीखोलाको किनारमा लागुऔषध नष्ट गरेको हो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुर तथा मातहत समेतबाट खटिएको प्रहरीले चेकजांच गर्ने क्रममा बिभिन्न मितिमा बिभिन्न स्थानबाट बरामद गरिएको लागूऔषधहरु राप्तीखोलाको किनारमा आगो लगाएर नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । कार्यालयका अनुसार गाँजा ७११ किलो ६५ ग्राम, ओनरेक्सरविन्सिरेक्सको एक सय एमएलका ५२४ बोतल, डाईजेपाम ९१६ एम्पुल, फेनार्गन ८८५ एम्पुल, नुर्फिन ६९३ एम्पुल र ३२ लिटर घरेलु मदिरा आगो लगाएर नष्ट गरिएको हो ।

## थाहानगरमा ५ लाखसम्मको योजनासम्झौता वडाबाटै हुने

साझाकुरा संवाददाता

हेटौंडा, २६ भदौ/थाहा नगरपालिकाबाट हुँदै आएको योजना सञ्चालनसम्बन्धी विभिन्न कामहरु अब वडाबाटै हुने भएको छ । पालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले आफ्नो अधिकार क्षेत्रभित्र रहेका केही कामको वडा सचिवलाई अधिकार प्रत्यायोजन गरेसँगै वडाबाटै काम हुने भएको हो ।

२५ भाद्रमा वडा सचिवहरुलाई दिइएको अधिकार प्रत्यायोजनमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम कार्यहरु र प्रमुख प्रशासकीय अधिकृतको अधिकार क्षेत्रभित्र रहेका अधिकारहरु कार्यान्वयन गर्ने गरी अधिकार प्रत्यायोजन गरिएको जनाइएको छ । प्रशासकीय अधिकृत गिरीले थाहा नगरपालिकाबाट संचालन हुने पाँच लाखसम्मको योजनाको इस्टिमेट स्वीकृत गर्ने, सम्झौता गर्ने, कार्यसम्पन्न प्रतिवेदन र एमबी स्वीकृत गर्ने, जाँचपास गर्ने, टिप्पणी पेश गर्ने र भुक्तानीको लागि पेश गर्ने अधिकार वडा सचिवलाई दिइएको हो ।

त्यस्ता योजनाको अनुगमन गरी जाँचपास र फरफारक गर्ने/गराउने, कार्ययोजना अनुसार समयमै योजना सम्पन्न गराउन वडा कार्यालय, उपभोक्ता समिति र प्राविधिक शाखासँग समन्वय गर्ने, प्रत्यायोजित अधिकारको मासिक रुपमा प्रगति विवरण पेश गर्ने, अन्य प्रमुख प्रशासकीय अधिकृतले दिएको निर्देशन बमोजिम कार्य गर्ने अधिकार प्रत्यायोजन पत्रमा उल्लेख छ ।

# मकवानपुरमा डेंगूका संक्रमित दैनिक बढ्दै



साझाकुरा संवाददाता

हेटौंडा, २६ भदौ/ हेटौंडा उपमहनगरपालिकासहित मकवानपुरमा लामखुट्टेको टोकाइबाट हुने डेंगु रोगीको संख्या दिनदिनै बढ्दै गएको छ । जिल्ला स्वास्थ्य कार्यालयका अनुसार गत साउन एक गतेदेखि हालसम्म डेंगुबाट सङ्क्रमितको संख्या चार सय २७ पुगेको छ ।

कार्यालयका अनुसार जिल्लामा हालसम्म सबैभन्दा बढी सङ्क्रमित हेटौंडा उपमहानगर पालिकामा रहेको र यहाँ अहिलेसम्म तीन सय २९ जनामा डेंगु संक्रमण फेला परेको छ । त्यसैगरी थाहा नगरपालिकामा एक, मकवानपुरगढी गाउँपालिकामा ११, बागमती गाउँपालिकामा २०, मनहरि गाउँपालिकामा ३३, इन्द्रसरोवर गाउँपालिकामा दुई, भीमफेदी गाउँपालिकामा दस, बकैया गाउँपालिकामा १४ तथा विकट एवम् दुर्गम राक्सिरागङ गाउँपालिकामा एकजना सङ्क्रमित फेला परेको छ ।

कार्यालयको विवरण अनुसार यो अवधिमा जिल्लामा एक पुरुषको डेंगुबाट मृत्यु भएको थियो । जिल्लामा सोमबारसम्म थप १२ जनामा सङ्क्रमण फेला परेकामा हेटौंडा उपमहानगरपालिकामा छ, मकवानपुरगढी गाउँपालिकामा एक, मनहरी गाउँपालिकामा दुई जनाका साथै यहाँ बस्दै आएका अन्य जिल्लाका तीन जनामा सङ्क्रमण फेला परेको थियो ।

## साधारण सभा तथा अधिवेशन सम्बन्धि सूचना

यस सहकारी संस्था लि. को निर्वाचन सहितको २३ औं बार्षिक साधारण सभा तपसिल बमोजिम हुने भएको हुँदा आदरणीय शेयर सदस्यज्यूलाई एस.एम.एस. सामाजिक संजाल, एफ.एम रेडियोबाट जानकारी गरिसकेका छौं । यदि बिशेष कारणवश सूचना प्राप्त नगर्नुभएको भए यसै सूचनालाई आधारमानी अनिवार्य उपस्थिति भईदिनु हुन शेयर सदस्य महानुभावहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**तपसिल**

मिति:- २०८० भाद्र ३० गते शनिवार

समय:- बिहान १०:०० बजे

स्थान :-रोयल पार्टी प्यालेस, हेटौंडा-४ मेनरोड

**नमूना प्रगति बचत तथा ऋण सहकारी संस्था लि.**

हेटौडा-२, मकवानपुर

# मुलुकले समन्वयकारी नेता गुमायो: प्रदेश प्रमुख शर्मा

साझाकुरा संवाददाता

हेटौंडा, २६ भदौ/ बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्माले संविधानसभाका अध्यक्ष, नेकपा (एमाले) का उपाध्यक्ष तथा प्रतिनिधिसभाका सदस्य सुवासचन्द्र नेम्वाङको मंगलबारविहान हृदयघातका कारण भएको निधनप्रति समवेदना व्यक्त गरेका छन् ।

एक विज्ञप्ति जारी गर्दै प्रमुख शर्माले नेम्वाङको असामयिक निधनले आफूलाई मर्माहत बनाएको बताएका छन् । प्रदेशप्रमुख शर्माले नेम्वाङको निधनबाट मुलुकले एक कुशल सांसद एवम् असल, मृदुभाषी, समन्वयकारी नेता गुमाएको उल्लेख गरेका छन् । 'यस दुखद् घडीमा सरल नेता नेम्वाङप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।' प्रमुखको श्रद्धाञ्जलीमा भनिएको छ । प्रमुखले शोकविज्ञप्तिमा भनेका छन्, 'उहाँकी जीवनसंगिनी तथा नेम्वाङ परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछु ।'

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना